प्रमुख व्यवस्थापक

**विद्यासागर रञ्जित**

फोन: ४२५ ८९५५

व्यवस्थापकहरू

**चिनीकाजी महर्जन**

फोन: ४२५ ३१८२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७ ६९०८

सह-व्यवस्थापक

**ध्रुवरत्न स्थापित**

सम्पादक

**भिक्षुणी वीर्यवती**

**फोन: ४२५ ९४६६**

प्रधान सम्पादक

**भिक्षु अश्वघोष महास्थविर**

४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार

**भिक्षुणी धम्मवती**

फोन: ४२५ ९४६६

कार्यालय

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२

काठमाडौं

फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५५

नेपाल सम्वत् ११३२

इस्वी सम्वत् २०११

बिक्रम सम्वत् २०६८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**


**10th NOVEMBER 2011**

| वर्ष- २९ | अङ्क- ७ | सकिमना पुन्हि | कार्तिक २०६८ |
|---|---|---|---|





निरोगी हुनु परम लाभ हो, सन्तोष परम धन हो, विश्वास सबभन्दा ठूलो बन्धु हो, निर्वाण (मुक्ति) परम सुख हो ।

आर्य पुरुषहरूको दर्शन गर्नु र उनीहरूको आश्रयमा बस्नु सुखकर छ, मूर्खजनहरूको दर्शन नगर्नाले सधैं सुख हुन्छ ।

मूर्खहरूको संगत गर्नेलाई दीर्घकालसम्म शोक हुन्छ, मूर्खसंग संगत गर्नु शत्रुको संगत गर्नु जस्तै दु:ख नै हो, धीर पण्डितहरूसंग बस्नु ज्ञानी बन्धुहरूसंग बस्नु ज्ञन सुख हो ।

त्यसकारण तिमीहरूले पनि, चन्द्रमाले नक्षत्रपथको अनुगमन गरे झैं, धीर, प्राज्ञ, बहुश्रुत, शीलवान् बुद्धिमान आर्य तथा सत्पुरुषहरूको सतसंगत गर ।


Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# मनुष्यको महत्त्व

भगवान् बुद्ध भन्नुहुन्छ–

“**किच्छो मनुस्स पटिलाभो, किच्छं मच्चान जीवितं**”

*अर्थात्,*

(गुण सम्पन्न) मानिस भएर जन्मनु कठिन छ। जन्मेर पनि असल मानिस भएर जीउनु झन् कठिन छ।

भगवान् बुद्धले फेरि भन्नुभएको छ– संसारमा दुईजना व्यक्ति दुर्लभ छन्–

(१) अरूलाई उपकार गर्ने व्यक्ति।

(२) अरूले उपकार गरेको गुण सम्झी प्रत्युपकार गर्ने व्यक्ति।

संसारमा जतिपनि जीवित प्राणीहरू छन्, तिनीहरू मध्ये श्रेष्ठ स्थान मानिसले हासिल गरिरहेका छन्। किनभने मानिसमा अरू प्राणीहरूको अनुपातमा धेरै राम्रा गुणहरू छन्। ती गुणहरू यसरी छन्– स्मृति, शील्पशास्त्र, कृतज्ञता, परस्पर कर्त्तव्य पालन धर्म, विवेकशील, चिन्तनशील आदि आदि। मानिसमा विशेष गुण समावेश भएको हुन्छ जुन गुणद्वारा मानिसले मनुष्यत्त्व र महापुरुषत्त्व प्राप्त गर्नसक्छ। तर मानिसको रूप धारण गरी यी माथि उल्लेखित गुणहरूलाई प्राप्त गर्न सकिएन भने तिनीहरूलाई मानिसको स्तरमा राख्न सकिँदैन। तिनीहरूलाई पशुको दर्जा दिइन्छ। त्यसैले भन्ने गरिन्छ– “**मनुष्य रूपेन मृगाश्चरन्ति**” अर्थात् मानिस भएपनि पशु समान आचरण गर्छ। त्यसैले आचरण खराब भएका व्यक्तिलाई आफ्नै आमा बुबाले समेत गधा, पशु भनी गाली गर्छन्। खाना खाने, सुत्ने, भयभीय हुने, मैथुन सेवन गर्ने आदि चार कार्यमा मात्र अल्मलिने स्वभाव पशुहरूमा मात्र हुन्छ। यी चार कार्यमा मात्र अल्मलिरहने प्राणी मानिस नै भएपनि उसलाई पनि पशुको रूपमा लिन सकिन्छ। त्यसैले साँचो रूपमा मानिसका दर्जा पाउने हो भने यी चार कार्य बाहेक अन्य असल र विवेकशील गुणहरूको आचरण एवंम् अभ्यास गर्नु नितान्त आवश्यक छ। यी असल गुणहरू मध्ये उल्लेखनीय गुण हो कृतज्ञता र अरूलाई उपकार गर्ने स्वभाव धर्म। भगवान् बुद्धले बुद्धत्त्व प्राप्त हुनासाथ संसारलाई नबोलीकन सन्देश र शिक्षा दिनुभएको थियो। त्यो सन्देश हो– “कृत्तज्ञता”।

सिद्धार्थ कुमारले जुन रूखमुनि बसेर बोधिज्ञान प्राप्त गर्नुभयो, त्यही पिपलको रूख (बोधिवृक्ष) को गुण स्मरण गनुभई एकहप्तासम्म यसरी कृतज्ञता भाव प्रकट गर्नुभएको थियो– “हे बोधिवृक्ष ! तिमीले निश्वार्थ रूपले मलाई छाँया दियौ, शुद्ध हावा दियौ, वर्षात्को पानीबाट बचायौ। त्यसको बदला तिमीले मबाट केही लिने आशा राखेनौ। त्यही गुणको आधारमा मैले बुद्धत्त्व प्राप्त गर्न सफल भएँ। म तिमी प्रति धेरै कृतज्ञ छु।”

बोधिवृक्षको नाममा भगवान् बुद्धले संसारलाई दिनुभएको पहिलो शिक्षा हो यो। यस शिक्षालाई अँगाली अनुशरण गर्ने मानिस संसारमा कम मात्र देखिन्छ। अरूलाई उपकार गर्ने र आफूलाई अरूले गरेको उपकार सम्झी त्यसको प्रत्युपकार गर्ने गुण महात्मा हुने गुण हो।

यसरी नै भगवान् बुद्धले रूखको गुण सम्झी वृक्ष संरक्षणको लागि भन्नुहुन्छ–

“**यस्स रूक्खस्स छायाय, निसीदेय्य सय्येय्यवा**
**न तस्स साखं भञ्जेय्य, मित्तादुभो हि पापको**

*अर्थात्–*

जुन व्यक्तिले रूखको छायाँमा बसेर सुतेपछि त्यस रूखको शाखा भाँच्छ त्यो व्यक्ति मित्र द्रोही र विश्वासघाती पापी ठहरिन्छ। त्यसैले दुर्लभ मनुष्यभाव प्राप्त गरिसकेका हामीले मनुष्यमा हुनुपर्ने माथि उल्लेखित महत्त्वपूर्ण गुणले परिपूर्ण भई आ-आफ्नो जीवन सफल पार्न सकौं। मनुष्य देह धारण गरेर पनि पशुको दर्जामा जीउने मुर्खतालाई त्यागौं।



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

✍ सत्यनारायण गोयन्का

*अनुवादक- विश्व शाक्य*

प्रकृतिगत निद्रा तपाईंलाई आउँछ भने आउन दिनुहोस् । यदि आफसे-आफ ब्युँभिरहन्छ भने ब्युँभिरहन दिनुहोस् । निरन्तर जागृति, निरन्तर जागृति, भित्री चेतनासम्मको जागृति । जागृत रहेको एक अणु जो छ त्यसको नृत्य हेर्नेछौं । कहाँ के भैरहेछ, कसरी भैरहेछ ? द्रष्टाभावले हेर्नेछौं । अनित्य स्वभावलाई हेर्नेछौं । यही साधना हो ।

यस अभ्यासमा दुइवटा मुख्य काम छन् । यसलाई ठीकसँग सम्झौं । हाम्रो स्थूल मनले स्थूल सत्यलाई सजिलैसँग पक्रन सक्छ तर जब सूक्ष्मलाई पक्रन पर्ने हुन्छ त्यतिखेर तर्सन थाल्छ, टाढा भाग्न खोज्छ । पक्रन चाहँदैन । सूक्ष्मतामा रहने आदत नै छैन । तसर्थ पहिलो काम यही हुन आउँछ कि मनलाई सूक्ष्मतातर्फ लैजाने अभ्यास गराऔं । त्यसै भएर त प्रारम्भ हामीले स्थूल आलम्बनबाट गर्‍यौं । मोटो-मोटो श्वासको आलम्बनबाट त्यसैको संहारले सूक्ष्म श्वाससम्ममा आउँछौं । सूक्ष्म श्वास पनि स्थूल लाग्नेछ जब हामीलाई श्वासको स्पर्श थाहाहुनथाल्यो । यो स्पर्श पनि स्थूल लाग्नेछ जब सम्वेदना महसूस हुनथाल्यो । यी सम्वेदनाहरू पनि स्थूल लाग्नेछ जबकि योभन्दा अति सूक्ष्म सत्यताहरू महसूस हुन थाल्दछ । जसरी-जसरी समय बित्दै जान्छ अभ्यास अरू पुष्ट हुन थाल्नेछ । अधिकभन्दा अधिक गहिराइमा जान थाल्नेछौं । यो जुन स्थल सत्यबाट सूक्ष्म सत्यतातर्फ जाने यात्रा छ त्यो यथार्थको यात्रा हो, कल्पनाको भरमा गरिएको यात्रा होइन । यस्तो यथास्थितिको (यथाभूत) जसको मन र शरीरसँग सम्बन्ध हुन्छ र जुन शरीर र मनमा वस्तुतः बितिरहेको हुन्छ ,त्यसलाई जानिरहन्छ । यो भयो पहिलो काम ।

दोस्रो, योभन्दा ठूलो काम हो समताको । हरेक अवस्थाबाट मन गुज्रिरहेको हुन्छ । अलग-अलग अनुभूतिहरूबाट मन गुज्रिरहेछ र ती अवस्था र अनुभूतिहरूलाई द्रष्टाभावले हेरिरहेकाछौं । ज्ञाताभावले जानिरहेका छौं । ती परिस्थितिहरूमा, ती अनुभूतिहरूमा न त राम्रो मानेर खुशीले नाच्न थालिन्छ न त नराम्रो मानेर व्याकुल नै हुन थाल्दछ ।

आफ्नो सन्तुलन कायम राख्दछ । समता बनाएर राख्दछ । यस्तो सम्झिएर कि जुन अनुभूति भैरहेछ त्यो स्थायी छैन, स्थिर छैन, शाश्वत छैन, ध्रुवसत्य छैन । जुन बिहान भैरहेथ्यो त्यो साँझमा हुँदैन । यतिमात्र होइन सूक्ष्म स्तरबाट देखिन्छ कि परिवर्तन प्रतिक्षण भैरहन्छ । तन-मनमा कुनै यस्तो ठाउँ छैन जो स्थिर छ, अचल छ । अलिकतिमात्र कम्पन छ भने पनि त्यो यही कुराको द्योतक हो कि त्यसमा केही न केही परिवर्तन भैरहेछ । स्थायित्व कतै पनि छैन । सारा ऐन्द्रिय जगत् अनित्य छ, नश्वर छ, क्षणभंगुर छ ।

भित्र वा वाहिर जे पनि बाक्लो रूपमा देखापर्ने हुन्छ वास्तवमा त्यो त्यति बाक्लो अर्थात् घनत्व पूर्ण हुँदैन त ठोस नै हुन्छ । यस्तो लाग्ने हुन्छ कि सारा शरीर ठोस छ । यो 'म हुँ', 'मेरो हो' भन्ने शरीरसँग मनको ठूलो आसक्ति छ । बडो गहन अवस्थामा अर्धचेतन, अचेतन मन शरीरका यी ठोस अवस्थाहरूमा यसरी टाँसिएर बसेका हुन्छन् कि सत्यलाई थाहापाउनै सकिइरहेको छैन । यिनीहरूमा एक आपसमा तादात्म्य स्थापित भैसकेको छ । यस साधनाबाट जसरी-जसरी भित्रसम्म गइन्छ यी तादात्म्य भत्किन्छ, तब सारा ठोसपन समाप्त हुन थाल्छ, छिन्न भिन्न हुन थाल्छ । जबसम्म यो घनसंज्ञा हुन्छ, घनत्वको संज्ञा हुन्छ तबसम्म भ्रान्ति रहन्छ नै । यो भ्रान्ति कसरी फुटाउने ? विश्रृङखलित गर्दा-गर्दै, विश्लेषण गर्दा-गर्दै टुक्रा-टुक्रा गर्दा-गर्दै सत्यतालाई थाहापाउनुहोस्, प्रकट सत्यलाई भेदन गरेर परमार्थ सत्यलाई बुझ्नुहोस् । परमाणुहरूको परमार्थ सत्य के हो ? एकै स्थानमा बार-बार केही-केही बेर ध्यान दियो भने देख्नेछौं कि त्यो ठोसभन्दा ठोस स्थान कसरी खुल्दै गइरहेको छ । केवल सूक्ष्म प्रकम्पनमात्र बाकी रहन गएको छ । यस ठोसपना समाप्त भएर गएको छ । यस प्रकार भौतिक पदार्थको ठोसपनालाई समाप्त गरेर हामी त्यसको सही स्वरूप देख्न सक्नेहुन्छौं । त्यसको यथार्थ दर्शन गर्छौं । जस्तो शरीर, त्यस्तै मन । हामी यो पनि देख्न सक्छौं कि कसरी यो मन वा चित्तवृत्तिहरू पनि ठोस भएर घनीभूत भएर प्रकट हुन्छ र हाम्रो मस्तिष्कमा छाउँदछ । पीडा हुन्छ । पीडा शरीरको मात्र होइन, मनको पनि हो । पीडा मनलाई भैरहेको छ । हरेक सजीव प्राणीसँग जो विज्ञान छ, चेतना छ त्यसले पीडा महसूस गर्दछ ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास–१०

✍ के.श्री धम्मानन्द
अनुवादक- प्रकाश बज्राचार्य

बौद्ध नीति मान्छेले आफ्नै उपयोगमा लाग्ने उद्देश्यहरूको लागि बनाएका कृतिम वा स्वेच्छाचारी सिद्धान्तहरू होइनन् । न त तिनीहरू जबर्जस्ती लादिएका नै हुन् । मान्छेले बनाएका नियमहरू र सामाजिक चलनहरू बौद्ध नीतिशास्त्र आधार बन्दैन । उदाहरणको लागि, कुनै हावापानी, समय सभ्यतालाई सुहाउँदो पोशाकका नमुनाहरू अर्कोमा अश्लील मानिन सक्छन्; तर यो पूर्णरूपले सामाजिक चलनको विषय वस्तु हो । नीतिशास्त्रसंग कत्ति पनि सम्वन्धित छैन । तैपनि समाजका कृतिम कुराहरू मान्य र अपरिवर्तित नैतिक सिद्धान्तहरूसंग बरोवर अलमलिने गर्छन ।

बौद्ध नीतिशास्त्रको जग छिन छिनमा बदलि राख्ने सामाजिक चलनहरूमा नरही बरू प्रकृतिका अटल नियमहरूमा रहेको छ । वास्तवमा बौद्ध नीतिहरू अटल प्राकृतिक नियम कारण र प्रभाव (कर्म) को एक हिस्सा रहेको छ । बौद्ध नीतिहरूको जरा प्राकृतिक नियमहरूमा रोपिएको छ भन्ने सत्यले यसका सिद्धान्तहरू आधुनिक विश्वलाई उपयोगी र ग्रहणयोग्य बनाइदिन्छ । बौद्ध नीतिशास्त्र आज भन्दा २५०० वर्ष अगाडि बनाएको थियो भन्ने कुरोले यसका समयमा नबाँधिने गुणबाट पछि हटाउँदैन ।

चिरस्थायी सुख शान्तिको लक्ष्य वा अन्तिम सीमासम्म लगिदिने एक उपाय मात्रै रहेकोले बुद्ध धर्ममा नैतिकता व्यवहारिक छ । आत्ममोक्षतिर लग्ने बौद्ध मार्गमा हरेक व्यक्ति आफ्नो भाग्य र दुर्भाग्यहरूको आफै जिम्मेवार थानिएको छ आफ्नो प्रयासले विमुक्तिको लागि हरेक व्यक्तिले कसैको सहायता विना आफ्नै काम गर्ने आशा गरिएको छ; ईश्वर र चर्च जस्ता कुनै पनि कुराको भरमा ऊ पर्दैन । बौद्ध मुक्ति त आफैले गरेको कर्म वा इच्छाको परिणाम हो र न त यसलाई कसैमा पछ्याउन सकिन्छ, न त बाहिरबाट लिन नै सकिन्छ । बुद्धको काम त मानिसहरूलाई अस्तित्वको प्रकृतिको ज्ञान दिलाउनु (निर्वाण दिलाउनु), र उनीहरूलाई आफ्नो र अरूको हितको लागि कसरी सबभन्दा राम्रोसित व्यवहार गर्ने भन्ने सल्लाह दिनु थियो । यसको साथै बौद्ध नीतिशास्त्र मानिसहरूले मान्न करै लाग्ने कुनै हुकुमहरूमा खडा गरिएको थिएन । बुद्धले त सिर्फ मानिसहरूलाई धेरै समयसम्म फाइदा हुने हितकारी र उपयोगी अवस्थाहरू के के हुन् भनेर सल्लाह दिनु भयो । पापीहरूलाई 'निर्लज्ज', 'दुष्ट' 'अभागि' 'नालायक', र 'नास्तिक' भन्नुको सत्ता उहाँ यति नै भन्नु हुन्थ्यो, "तिमी अज्ञानी छौ र तिमीले आफूलाई पनि अरूलाई पनि दु:खि पार्ने तरिकाले काम गर्दैछौ ।"

बौद्ध नीतिका सिद्धान्तहरू धेरै नियमहरूमा व्यवहारिक रूपले उद्गार भएका छन् । यी नियम वा निर्देशनहरू अरू केही होइन खालि अन्तिम मोक्ष प्राप्त गर्न बौद्धहरू कता पति लाग्नु पर्छ भन्ने दिशा देखाउने सामान्य मार्गदर्शकहरूमात्रै हुन् । हुनत यी नियमहरू धेरै जसो गरेर नकारात्मक रूपमा छन् । तैपनि हामीले यो सोच्नु हुँदैन कि बुद्ध धर्मको नीतिशास्त्रमा खराब कामबाट मात्रै टाढा रहने तर असल चाहि नगर्ने मात्रै कुरा छन् ।

सबै नियमहरू (शीलहरू) मा पाइने नैतिकतालाई छोटकरीका तीन साधारण सिद्धान्तहरूमा लिन सकिन्छ । "सुकर्म गर्ने; कुमर्म छाड्ने; मन शुद्ध पार्ने । यहि नै सबै बुद्धहरूको उपदेश हो ।" *(धम्मपद)*

बुद्ध धर्ममा सुकर्म र कुकर्मलाई छुट्याउन साह्रै सजिलो छ: राग, द्वेष र मोहबाट उत्पन्न भएका, स्वार्थबाट उब्जेका सबै कामहरू जसबाट अहम्को हानिकारक मोह उत्पन्न हुन्छ, यी सबै अवगुण वा अकुशल वा कुकर्म हुन् । यी कामहरूलाई अकुसल कर्म भनिन्छन् । अमोह र प्रज्ञाबाट उत्पन्न सबै कामहरू कुशल हुन् । मन, वचन वा कर्मले गरेका सबै कामहरूमा सुकर्म र कुकर्मको सिद्धान्त लागु हुन्छ ।

बौद्ध नीति इच्छा वा संकल्पमा आधारित छ (बुद्ध भन्नु हुन्छ, "इच्छा नै कर्म हो") । कार्यहरू आफैमा असल र खराब भनिएको छैन, तर 'विचारले कार्यहरूलाई त्यसो बनाइ दिन्छ ।' तैपनि बौद्ध नीतिले यो भन्दैन कि एकदम राम्रो विचारले गरेको भन्दैमा कसैले अपराध (पाप) मानिएका दुष्कार्य पनि गर्नुहुन्छ । यदि यसो मानेको भए बौद्ध धर्मले खालि मनोविज्ञानका समस्याहरूमा मात्रै आफूलाई सीमित राख्ने थियो र मुक्ति दिने शिक्षालाई छोटोपार्ने आचरणका कानुनहरू बनाउने र नैतिक नियमहरूको तालिका बनाउने; दिक्क लाग्दो काम मात्रै छोडेर जान्थ्यो । विचार र कार्य बिचको सम्वन्ध, मानसिक र भौतिक क्रियाको सम्बन्ध, सिर्फ अकस्मात्ले मात्रै हुने होइन । *क्रमश:*



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २४५

✍ **प्राज्ञ रीना तुलाधर (बनिया)**
*'परियत्ति सद्धम्म कोविद'*

**निट्ठङ्गतो असन्तासी–वीततण्हो अनङ्गणो**
**अच्छिन्दि भवसल्लानि–अन्तिमोयं समुस्सयो**

*अर्थ–*

गर्नुपर्ने कर्तव्य सबै गरीसकेको, त्रास नभएको, तृष्णा निर्मूल भइसकेको, चित्त मल बाँकी नहरेको सांसारिक शल्य हटीसकेको यस्ता व्यक्तिलाई अन्तिम देहधारी भनिन्छ ।

**वीततण्हो अनादानो–निरूत्तिपद कोविदो**
**अक्खरानं सन्निपातं–जञ्ञा पुब्बपरानि च**
**स वे अन्तिम सारीरो**
**महापञ्ञो महापुरिसो ति वुच्चति**

*अर्थ–*

तृष्णा निर्मूल भइसकेको, संसार बन्धन तोडीसकेको, निरूक्ति पद जानेको, तल माथिको व्याकरण शब्द जानेको व्यक्तिलाई अवश्य पनि अन्तिम देहधारी, महाप्राज्ञ महापुरुष भनिन्छ ।

*घटना–*

उपरोक्त गाथाहरू भगवान बुद्धले जेतवन विहारमा बस्नु हुँदा मारको कारणमा भन्नुभएको थियो ।

एकदिन जेतवन विहारमा साँझपख केही बाहिरका भिक्षुहरू आइपुगे । ती भिक्षुहरू राती राहुल स्थविरको कोठामा बास खोज्न गए । राहुल स्थविरले आगन्तुक भिक्षुहरूलाई आवश्यक सेवा सत्कारगरी आफ्नो ठाउँमा बस्न दिए । तर आफू सुत्ने ठाउँ नपाएर तथागतको गन्धकुटी बाहिर सुत्नको लागि लेटे ।

राहुल स्थविर ८ वर्षकै उमेरमा अरहन्त भइसकेको थियो । वसवर्ती मारले राहुल स्थविर गन्धकुटी बाहिर सुती राखे को देखेर चिन्तना गरे– "श्रमण गौतमको छोरा गन्धकुटी बाहिर सुतेका छन् । राहुललाई सताएँ भने श्रमण गौत्तमलाई पनि कष्ट हुनेछ ।" यसरी आफ्नै स्वभावले अरूलाई सताउने विचारमा मारले एउटा ठूलो हात्तीको रूप लिएर सूँडले राहुलको टाउको छोपी अझ तर्साउन ठूलो आवाजले कराए ।

तथागतले गन्धकुटी भित्रबाटै वसवर्ती मारले राहुल स्थविर लाई सताउन खोजीरहेको थाहा पाई बोल्नुभयो– "हे मार तिमीले यो भन्दा सयौं गुणा ठूलो स्वरले कराए पनि मेरा पुत्रलाई तर्साउन सक्ने छैनौ । उनी निर्भिक भइसक्यो, तृष्णा रहित भइसक्यो, यी भिक्षु महान वीर्यवान हो, महान प्रज्ञावान हो ।"

यसरी आज्ञा भएर तथागतले उपरोक्त गाथाहरू भन्नुभयो । तथागतको यो वाणी सुन्ने धेरैले मार्गफल प्राप्त गरे । पापी मारले भने श्रमण गौतमले मलाई चिनेछ भनी बुझी त्यहींबाट अन्तर्ध्यान भए । ❖

---

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जितवा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*बुँदि :*
*ने.सं. १०५० मंसीर शुक्लपक्ष, द्वादशी*
*(वि.सं. १९८६ मंसीर २८ गते)*

*मदुगु न्हि :*
*ने.सं. ११३१ गुंलाथ्व, एकादशी*
*(वि.सं. २०६८ श्रावण २४ गते)*

## मद्धुम्ह पद्मावती ताम्राकार

धर्मकीर्ति विहार संरक्षण कोषया सह-सचिव व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया सदस्य मयूजु प्रफुल्ल कमल ताम्राकारया हने वह:म्ह माजु धर्मकीर्ति पत्रिकाया विशेष सदस्य मयूजु **पद्मावती ताम्राकार** ८२ वर्षय् दिवंगत जुयादीगुलिं वय्‌क:या गुणानुस्मरण यासे पुण्यानुमोदन यानाच्वना । लिसें वय्‌क:या छ्येँज:पिसं थ्व दु:खं क:गु इलय् संसारया सत्य तथ्य नियम अनित्य दु:ख व अनात्मायात थ्वीका: धैर्य धारण याय् फय्‌मा धका: नं कामना याना ।

## धर्मकीर्ति पत्रिका परिवार



Downloaded from http://www.dhamma.digital

# महिलाको विवेक बुद्धि

✍ भिक्षु अश्वघोष

भगवान बुद्ध भर्ग देशको सुंसुमार गिरी भन्ने नगरमा बसिरहनु भएको बेला घटेको घटना हो । नकुल माता र नकुलपिता दम्पत्तिको सुखमय जीवनको कुरा संसारको आश्चर्य घटना मध्य एउटा घटना भन्न सकिन्छ । आश्चर्य के भन्ने बालक अवस्थामा विवाह भए देखि नमरेसम्म दुबै बीच एक चोटि पनि रीस न उठेको र झगडा नभएको, अविश्वासको घटना न घटेको । त्यत्ति मात्र कहाँ हो । दुबै जनाको एकै विचार एउटै मन यो अपूर्व कथा हो । घट्ना यसरी छ, थियो ।

एकदिन नकुलमाता र नकुलपिता दम्पति दुबैजना भगवान् बुद्ध समक्ष गई वन्दना गरेर एक छेउमा बस्नु भयो । एकछिन पछि नकुलपिताले भने-भन्ते, एउटा कुरा सुन्न आएको सोध्नु हुन्छ ?

बुद्धले भन्नुभयो– के कुरा हो सोध्नु होस् ।

नकुलपिताले भन्यो भन्ते, मेरो आमाबुबाले बालक अवस्था मै नकुलमाता सँग विवाह गरि दिनुभयो । हामी विवाह भए देखि एक चोटि पनि झगडा भएन । मैले कहिले पनि नकुल माता प्रति द्वेष भाव राखेको छैन, अविश्वास गरेको छैन । उसको चित्त दुख्ने गरी कुरा गरेको छैन । मलाई नकुलमाता सारै मन पर्छ । सधैं सँगै बस्ने मन हुन्छ । छुटेर बस्न मन छैन । मरिसकेपछि अर्को जन्ममा पनि दुवै सँगै बस्ने पाए हुन्थ्यो । यो मेरा इच्छा पुरा हुन्छ होला ?

बुद्धले नकुलमाता सँग सोध्नु भयो– तपाईको विचार के नि ?

नकुलमाताले आफ्नो विचार पोख्दै भनिन्– भन्ते, आमावुवाले मलाई बालक अवस्थामै विवाह गरिदिनुभयो । हामी दुवै विवाह भएदेखि कहिले पनि मैले मेरो पतिको चित्त दुख्ने कुरा र काम गरेको छैन । त्यसैले हामी दुवै वीच झै झगडा भएको छैन जीवन सारै रमाइलो सँग विती रहेको छ । मेरो पनि यही इच्छा छ कि अहिले जस्तै मरिसके पछि सँगै जन्मेर बस्न पाए हुन्थ्यो यो सम्भव हुन्छ ?

बुद्धले भन्नुभयो– मरेपछि पनि यस्तै मिलेर सँगै बस्ने इच्छा छ भने– अब कतिवर्ष सम्म बाँच्ने छ । यो भन्नुस बाँचुन्जेलसम्म अहिले जस्तै यो वर्तमान जीवनमा जसरी मन शुद्ध गरेर, एउटै मन भएर काम र कुरा भैरहेको छ त्यस्तै हुन्छ । तपाई दुवैको इच्छा पूरा हुनको लागि दुवैको एउटै चित्त एकै मन हुनुपर्छ । त्यस्तै इच्छा हो भने तपाईहरूको इच्छा पूरा हुन्छ । बुद्धको कुरा सुने पछि दुबै जनाले खुसी भइ-साधु ! साधु भनी फर्केर गए ।

पछि नकुल पिता विरामी भयो । थला पऱ्यो । वैद्यहरूले पनि रोग चर्को भएको छ भनी छोडेर गए । नकुलपिताको मन ठीक भएन । तर नकुल माता निराश भएन । वैद्यहरूले छोडे पनि मेरो स्वामी बाँच्ने छन । मेरो सत्य वचनले अवश्य रोग निको होस् भन्ने मनमा राखी आफ्नो पति नकुलपिताको नजिक खाटमा बसी कपालमा हातले मालिस गर्ने जस्तै हात चलाएर अधिस्थान गरि मैले कसैलाई केही बिगारेको छैन, आफ्नो पतिको अविश्वास काम गरेको छैन, कसैको ठगेको छैन । मैले कसैको अहितहुने गरी झूठो कुरा गरेको छैन । बरू बुद्धको उपदेश अनुसार अरूको हितहुने कल्पना गरेर काम गरें, धर्माचरण गरें । मलाई आत्म विश्वास छ । यस सत्यवचनको प्रभावले मेरो पतिको रोग निको होस् । एक दिन त सबै मर्नै पर्छ यस्तो पवित्र मनद्धारा मर्दाखेरि सत्गती प्राप्त हुनेछ ।

आफ्नो पतिलाई नकुलमाताले मैत्रीपूर्वक समझाइकन भनिन् मनमा केही पीर चिन्ता छ कि ? बुद्धले भन्नु भएको थियो रोगी हुँदा केही पीर र चिन्ता लिनु हुदैन । शायद तपाईंको मनमा कल्पना हुन सक्छ बच्चाहरूको जीवन के होला, दुःखी होला । बच्चाहरूलाई छोडी अरू पुरूष सँग जाला कि ! यसरी कल्पना नगर्नुस्, धन्दा लिनु पर्दैन । म बलियो छुं । बच्चाहरूलाई केही दुःख हुने छैन । हेरचार गर्नु पर्ने काममा केही कमी हुदै न । धर्मकर्म पनि यथावत चलि रहने छ । बुद्धकहाँ गएर धर्म कथा सुन्नु र दान आदि काम पनि गरिरहने छु । मेरो मनमा जत्ति धर्म चेतना थियो र धर्माचारण जसरी थियो त्यो चाहिं कति पनि फरक पर्दैन । निश्चिन्त हुनु होस् ! मन हलुंगो गरी बस्नुस् ।

आफ्नो स्वास्नी नकुलमाताको उत्साह वर्धक, कुरा सुनी नकुलपिताको अनुहार तेजिलो देखिन थालियो । रोग निको हुन थालियो । बिछौना बाट उठेर हिंड्न थाल्यो । दुइ तीन दिनपछि लौरो टेकी बुद्धकहाँ दर्शन गर्न लाग्यो । बुद्ध कहाँ पुग्यो ।

बुद्धले सोध्नु भयो– नकुलपिता, अब त स्वास्थ्य ठीक भयो, रोग निको भयो ?

भन्ते मलाई वैद्यहरूले रोग निको हुने खालको छैन भनी छोडी सकेको । तपाईको उपासिका नकुलमाताले आफ्नो सही शुद्ध मैत्रीले र सत्य बलले भरोसा र सान्त्वना दिएकोले मेरो रोग निको भयो भन्ते ! खुसी हुँदै नकुलपिताले आफ्नो मनको कुरा पोख्यो ।

भगवान बुद्धले भन्नुभयो– उपासक ठूलो लाभ हो नकुलमाता जस्तो श्रीमती पाउनु भएको यसरी मन हलुङ्गो हुने गरी भरोसा र सान्त्वना दिने मन शुद्ध हुने महिला पाउनु अहो भाग्य हो । तपाई उपासक धन्य ! धन्य नकुलमाताको विवेक बुद्धि ।

❖



Downloaded from http://www.dhamma.digital

# पालो को पहिंचो

✍ अ. शान्तिवती, बुटवल

एका देशमा एउटा परिवारमा दुईजना बाबुछोरो मात्र थियो । छोराले बाबुको हेर विचार र सेवा सुसार गरेर पनि बाहिर कमाउन जाने गर्थ्यो । बाबुले आफ्नो छोराले धेरै दु:ख गरेको देखेर एकदिन आफ्नो छोरालाई बोलाएर सम्झाएर भने बाबु तिमीलाई धेरै दु:ख भएको देखीरहेछु । तिमीलाई एउटी असल केटीको जरूरत भयो । किनभने तिमीलाई विवाह गरीदिन्छु भनेपछि छोराले बुबा म विवाह गर्दिन, मैले विवाह गऱ्यो भने तपाईंलाई मैले पहिले जतिमायाँ गरेको थिएँ, त्यतिमायाँ पछि तपाईंलाई दिन सक्दिन त्यसकारण म विवाह गर्न सक्दिन भनेर आफ्नो बुबालाई सम्झायो र बुबाले पनि जिद्दी गरेपछि विवाह गर्न बाध्य भयो । विवाह गरे पश्चात् एउटा छोरा पनि जन्मियो र सुरूमा ति परिवारहरू राम्ररी घरजम गरी बसे । त्यसपछि बुहारीलाई ससुरा अति नै बढी र झ्याउ लाग्न थाल्यो । किनभने छोराले कमाएर ल्याएको पैसा जती सबै बुबालाई दिने गरेकोले बुहारीलाई डाहाले जलन भयो । त्यसकारण बुहारीले अब ससुरा बुढोलाई कसरी घरबाट भगाऔं भन्ने विचार गऱ्यो । ससुरा बुढोले नगरेको काम पनि बुहारीले बढाई-चढाई गरी नराम्रो काम जम्मै आफ्नो ससुरालाई आरोप लगाउने, लाञ्छना लगाई आफ्नो श्रीमान् बाहिरबाट घरमा आउँदा सबै कुराहरू आफ्नो लोग्नेलाई सुनाउने गर्थिन् । अनि जोइटिंग्रे छोरा आफ्नी प्यारी श्रीमतीको कुरा सुनी आफ्नो जन्मदाता बुबालाई त्यस्तो बुबाको दर्जामा राखेर सेवा गरेको सबै चटक्क बिर्सिदिए । त्यसपछि प्यारी श्रीमतीले ससुरा बुढो लाई जङ्गलमा लगेर मारेर आउनु नत्र भने म यो घरमा बस्न सक्दिन भनी मार्न लगाउने षडयन्त्र रचे । एकदिन लोग्ने-स्वास्नी दुवै घर फुटाउने सल्लाह गरी रहेको समयमा उनीहरूको सानो बुद्धिमानी छोराले सुनिरहेछ । स्वास्नीले लोग्नेलाई तिम्रो बुबालाई जङ्गलमा लगेर खाल्डो खनी गाडेर आउ भनेर सल्लाह दियो । र लोग्ने चाहिँले स्वास्नीको कुरा सुनी आफ्नो बुबालाई गएर भने बुबा हाम्रा पहिला पहिला लिनुपर्ने पैसा बाँकी रहेको छ । तपाईलाई लिएर गयो भने सबै पैसा पाउने छ भनेपछि बुबाले पनि स्वीकार्य छ । आज हामी गाउँमा जाने भनेर आफ्नो बुबालाई डोकोमा राखी बोकेर एउटा कोदालो, पनि बोकेछ । उनीहरूले आफ्नो सानो बालक छोरो पछि पछि गएको थाहै भएन । जाँदा-जाँदा जङ्गलमा कोही मानिस नभएको ठाउँमा आफ्नो बुबा डोकोबाट झरालेछ । सितल छहारीमा बुबालाई राखेर आफू पछाडि गएर ठूलो खाल्डो खन्यो थाकेर एक छिन् थकाई मार्न बुबासँगै रूखमुनी उत्तानो परेर बसीरहेको थियो । आफ्नो जन्मदाताको गुण विर्सने महापापी पितालाई सवक सिकाउन उसको वालक छोराले एक ठाउँमा कोदालो लिएर खाल्डो खनी रहेछ । र बुबा चाहिँले देखेर ए छोरा तैंले के नचाहिने काम गरी रहेको भनेर छोरालाई भनेछ । बुबा जुन काम मेरो हजुर बुबाको लागि गर्नुभएको थियो, त्यही काम तपाईंको लागि अहिले देखि नै खाल्डो खनी रहेको छु । अनि हजुरबुबा राखेर ल्याएको डोको पनि फर्काएर लग्नुपर्छ । किनभने बुबा बुढो भयो भने यहि डोकोमा राखेर तपाईंलाई पनि त्यही खाल्डो मा स्वास्नीको कुरा सुनी मैले पनि तपाईंले जस्तै अकुशल कर्म गर्नुपर्छ । त्यसैकारण तपाईले जस्तो काम गर्नुभयो उस्तै काम म गर्दैछु । भनी आफ्नो जोइतिंग्रे बुबालाई अर्ति दिए । अनि त्यसपछि मूर्ख पिता रूखबाट खसेझैं झसङ्ग भयो । बुद्धिमान छोरोको कुरासुनी आफ्नो बुबाको खुट्टा समाती ढोगी क्षमा मागी भक्कानो फुट्नेगरी पापको प्रायश्चित गरी रोए । अनि त्यसपछि तीनैजना सकुसल घर फर्केको देखेर इर्श्यालु बुहारी रिसले चूर भई आफ्नो श्रीमान्लाई गाली गरेछ– किन यो बुढोलाई फर्काइ ल्याएको भनी गाली गरेछ । लोग्नेले अब देखि मेरो बुबालाई राम्ररी हेरविचार गर्नु नत्रभने तिमीलाई नै म घरबाट निकाली दिन्छु भनी धम्की देखाएछ । यो सानो छोराको अर्ति उपदेशले नरकरूपी महापापबाट बञ्चित गराए । त्यहाँ देखि सबैपरिवार सुखपूर्वक जीवन बिताए । राम्रो कुरा सानो या ठूलो जसको पनि सुन्नुपर्छ ।

❖



Downloaded from http://www.dhamma.digital

# महाभिनिष्क्रमणको मार्मिक प्रसङ्ग
# चुपचाप गृहत्याग गरेका थिएनन् बुद्धले–३

✍ सीताराम अग्रहरि

शाक्य संघको बहुमत सेनापतिको पक्षमा थियो । संघलाई सिद्धार्थको मत स्वीकार्य थिएन र सिद्धार्थलाई संघको फैसला स्वीकार्य थिएन । संघको नियमअनुसार संघविरूद्ध जाने व्यक्तिलाई संघले उसको परिवारको सामाजिक बहिष्कार गर्न सक्थ्यो, खेती (सम्पत्ति) जफत गर्न सक्थ्यो, व्यक्तिलाई दण्डित गर्न सक्थ्यो, देशनिकाला गर्न सक्थ्यो । आम परिभाषामा सिद्धार्थ 'राष्ट्रद्रोही' थिए जबकि सिद्धार्थ मेलमिलाप, सहकार्य, सद्‌भाव, सहिष्णुताको भाका बोलिरहेका थिए । सिद्धार्थले विन्ती गरे, मेरो परिवारलाई दण्डित नगरियोस्, म स्वयम् दण्ड भोग्न तयार छु । समस्या के थियो भने कोसल नरेशलाई यो कुरा थाहा भए शाक्य संघविरूद्ध कारवाही गर्न सक्थे, शाक्यहरूको राज्य कब्जा गर्नसक्थे । त्यसैले सिद्धार्थ स्वयम्‌ले यो सुझाव दिए कि यदि म परिव्राजक (सन्यासी) बनूँ र स्वयंम् देशबाहिर जाउँ भने एकप्रकारले देश निकाला पनि हुनेछ र शाक्य संघलाई त्यसका लागि कोसल नरेशले दण्ड पनि दिने छैन । स्मरणीय छ, कोलियहरू सिद्धार्थका ससुराली खलक थिए ।

अन्ततः सिद्धार्थले महाभिनिष्क्रमण (गृहत्याग) निर्णय लिए । यो बडा मार्मिक प्रसङ्ग छ । सिद्धार्थ गौतमले आमजनतालाई युद्धको विनाशबाट जोगाउन र जीवजगतमा जुन दुःख विद्यमान छ, ती दुःखको कारण र निवारण गर्ने उपज खोज्न आफ्ना राज्यका जनता, मातापिता र पत्नीको जानकारीमा परिव्राजक बन्ने निर्णय लिए र गृहत्याग गरे । (आनन्दश्रीकृष्णः गौतमबुद्ध र उनका उपदेश)

अनन्त करूणामय, अनन्त मैत्रीमय सिद्धार्थले घर छोड्ने भएपछि हाहाकर मच्चियो । पितासँग बिदा माग्दै उनले भने, "म आशा गर्दछु, यति त हजुरले बुझ्नु नै हुनेछ कि मैले परिस्थितिलाई थप बिग्रनुबाट जोगाएँ । दण्ड मैले आफ्नो सिरमा लिएँ ।"

भावविह्वल पिताले भने, "तिमीले यो सोचेनौ कि हामीमाथि के बित्नेछ ?

सिद्धार्थले वृद्ध पितालाई आश्वस्त पार्न खोजे, यसै कारण त मैले प्रव्रज्या लिन स्वीकार गरें । सोच्नुस्, यदि शाक्यले सारा खेत (सम्पत्ति) जफत गर्ने आदेश दिएको भए के हुन्थ्यो ? शुद्धोदन झनै विचलित भए, बाबु तिमीविना यी खेत (सम्पत्ति) लिएर के गर्छौं ? सारा परिवार नै शाक्य जनपद परित्याग गरेर किन नजाने ।

दृश्यबडो मार्मिक थियो । प्रजापति गौतमीको गहभरि आँसु थियो, सबै रोइरहेका थिए । गौतमीले पनि भनिन्, हामीलाई त्यागेर यसरी एक्लै कसरी जानसक्छौं र ?

सिद्धार्थले सान्त्वना दिए, आमा क्षत्राणी भएर दुःखी हुनु शोभा दिँदैन । यदि म युद्धभूमिमा गएर मारिएको भए के गर्नुहुन्थ्यो । गौतमीले मानिनन्, शाक्यको देश छोडेर सबै कोसलतर्फ जाउँ भनिन् तर पनि गौतमले मानेनन् । सम्झाए, पत्नी र पुत्रको वास्ता दिए । अनि राजनीतिक परिस्थिति पनि सम्झाए, त्यसो गर्दा शाक्यहरूले देशद्रोही भन्न सक्छन् । उता कोसल देशलाई समेत शाक्यहरूविरूद्ध केही गर्ने अवसर मिल्नेछ । शुद्धोदनले अर्को जुक्ति निकाले, शाक्य संघले केही समयका लागि युद्ध स्थगित गरिदिने घोषणा गरेको छ हुनसक्छ युद्ध अब नहोला । (बाबु) तिमी आफ्नो प्रव्रज्या स्थगित गर !

सिद्धार्थले जवाफ दिए, हुनसक्छ मेरो प्रव्रज्या ग्रहणपश्चात शाक्य संघले युद्धको घोषणा स्थगित गरिदियोस् तर यो त पहिला मेरो प्रव्रज्या ग्रहणमै निर्भर गर्छ ... । वचनभङ्गको नराम्रो परिणाम हुनसक्छ ।

त्यसपछि सिद्धार्थ र यशोधराबीच मार्मिक वार्तालाप हुन्छ । वार्तालापको सही विश्लेषण कुनै सच्चा मनोविद्या साहित्यकारले नै गर्नसक्छ । यशोधरालाई थाहा थियो, पति आफ्ना विचारमा अटल छन्, उनी बुझ्थिन् सिद्धार्थको मनो भाव । मन रोइरहेको थियो, पतिलाई विदा गर्नैपर्‍यो, चाहि नचाहिकन । त्यसैले भारी मनले भनिन् ... कुनै नयाँ पथ खोज्न सक्नुहोस् जुन मानवताका लागि कल्याणकारी होस् ।

बुद्धको गृहत्याग कताकता रामको वनवास प्रसङ्ग झैं मार्मिक छ । फरक यत्ति छ, रामलाई वनवास दिइएको



Downloaded from http://www.dhamma.digital

थियो, बुद्धले भने गृहत्याग स्वयम् रोजेका थिए । सिद्धार्थले नयाँ पथ खोजे पनि । मानवताका लागि कल्याणकारी र व्यवहारिक मार्ग पनि बताए । यी सारा प्रसङ्ग इतिहासको अमर आख्यान हुन् । बुद्धको विनम्र दृढता सारा मानवजातिको लागि उत्कट प्रेरणाको स्रोत बनेको छ । एक तरूण शाक्यको भद्र एकल अवज्ञा अभियान जसले बहुमतको गलती कुरालाई शिरोधार्य गर्नुभन्दा आत्मदण्डको महान पथ रोजे । विलक्षण उदाहरण स्थापित गरे । तर आत्मदण्डको अवसरलाई आत्मग्लानि वा कुनै प्रतिशोध साधनको माध्यम बनाएनन् । बुद्धमा राजसी कुलको कुनै मिथ्या अभिमान, अहंकार कहिल्यै बोलेन । शाक्य र कोलियहरूको विवादमा आफ्नै गल्तीलाई पनि दृढतापूर्वक उजागर गर्नसक्ने बुद्ध, युद्धको निरर्थकतालाई निर्भिकतापूर्वक बहस गर्नसक्ने बुद्ध हाम्रा प्रेरणाका अजस्र स्रोत हुन् । बुद्धका भावनालाई निष्ठापूर्वक आत्मसात गर्न तयार हुनसके आज अलंघनीय देखिएका हाम्रा यावत समस्या, सङ्कट र सङ्क्रमणबाट हामी पार हुनेमा शङ्का छैन । नेपालका महात्मा पुत्रलाई हार्दिक श्रद्धाञ्जलि । ❖

## wd{sL{lt{ljxf/df a'4k"hf / wd{b]zgf

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६८ आश्विन १७ गते | क्षान्तिवती गुरुमां | पञ्ञावती गुरुमां |
| २०६८ आश्विन २४ गते | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६८ आश्विन २५ गते | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६८ कार्तिक १ गते | अमता गुरुमां | त्यागवती गुरुमां |
| २०६८ कार्तिक ३ गते | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६८ कार्तिक ९ गते | केशावती गुरुमां | केशावती गुरुमां |

## wdk{|rf/ ;dfrf/

**मैत्री बोधिसत्त्व विहारमा बुद्धपूजा र धर्मदेशना**

*२०६८ आश्विन १७ गते, मंगलवार*

मैत्री बोधिसत्त्व विहारमा यसदिन केशावती गुरुमांले बुद्धपूजा कार्यक्रम सञ्चालन गर्नुभई धर्मदेशना गर्नुभएको थियो । स्वयम्भू ज्ञानमाला भजनले भजन प्रस्तुत गरिएको उक्त कार्यक्रममा दाता प्रभा स्थापितले जलपान व्यवस्थागरी पुण्य सञ्चय गर्नुभएको थियो ।

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*बुदिं:*
*वि.सं. १९९१ फागुन १४ गते,*
*सोमवार*

*मदुगुदिं:*
*वि.सं २०६८ भाद्र ९ गते,*
*शुक्रवार*

## दिवंगत निलहिरा कंसाकार (प्यंग:थां)

धर्मकीर्ति पत्रिकाया विशेष सदस्य मय्जु **निलहिरा कंसाकार** २०६८ साल भाद्र ९ गते शुक्रवार दिवंगत जुयादिगुलिं वय्कःया छेँ जःपिंसं संसारया अनित्य स्वभावयात थ्वीकाः धैर्य धारण यायफय्मा धकाः कामना यासे मदुम्ह उपासिकायात पूण्यानुमोदन यानाच्वना ।

**धर्मकीर्ति विहार परिवार**

धर्मकीर्ति विहार, श्रीघः, नःघः



Downloaded from http://www.dhamma.digital

# संगायना स्वंगू नापं कथावत्थुप्पकरण भाग–३

✍ **भिक्षु उपतिस्स**

न्यास: भिक्षुपिं सहभागी जुया न्हेला तक संगायना याना बिज्या:गुलिं प्रथम संगायनायात 'सत्तसतिका संगीतिं' धका नं धायेगु या: । "जि मदय् धुंका संघया रूचि जूसा छुद्रानुक्षुद्र शिक्षापद त्याग (निष्प्रभा) यायेज्यू' धका भगवान बुद्धं धयाबिज्यागु खँ आनन्द भन्ते नं संगायना क्वचायेवं न्यँकल । अथेजूसां छुद्रान क्षुद्र शिक्षापदे छु छु ला: वो: धका बुद्धयाके न्यना मत:गुलिं वसपोलं लागूयाना बिज्या:गु शिक्षा दक्व संशोधन यायेगु कथं तक नं मस्येंकुसे गथे ख: अथे हे रक्षायाना तयेगु निर्णय संयायना कारक भिक्षुपिन्सं या:गु ख: ।

छुद्रानुक्षुद्र शिक्षापद धा:गु छु छु ख: धका बुद्धयाके न्यनामत:गु बुद्ध शासनय् मिसातय्त प्रव्रजित जुयेगु अवकाश बीत कुत:यागु नापं न्यागू कारण सम्बन्धी संघ आनन्द भन्ते यात संगायना क्वचायेवं कुंखिना चोदना यानाबिज्यात । थ:त या:गु छगू छगू आरोपया सफाइ बिया कारण स्पष्ट यायां आनन्द भन्ते चोदनां मुक्त जुया बिज्यात । संघप्रति गौरव तया जूगु दोषया कारणं क्षमा फोनेवं भिक्षु संघं आनन्द निर्दोषीम्ह ख: धका: स्वीकृत याना बिज्यात ।

**संगायनाया प्रतिफल**

१. छरेजुयाच्वंगु धर्मविनय छथाय् मुना 'पिटक' नां तया ब्वथलेगु (विभाजन यायेगु)
२. विभाजनया:गु भाग मुखपरम्परां (न्वेवय्का, कण्ठयाना) रक्षा यायेगु तदनुसार दीर्घ मज्झिम, संयुक्त अंगुत्तर आदि ग्रन्थया नं न्ह्योनय् तया अभिभारा कापिन्त 'भाणक' (दीर्घ भावक) धायेगु ।
३. दुर्मत दक्व हटेयाना धर्मयात निर्मलरूपं रक्षा यायेगु ।
४. क्षुद्रानु क्षुद्र (चिचीधंगु) शिक्षापद तक नं मस्यँकुसे रक्षा यायेगु ।

*क्रमश ...*

अनिच्चावत संखारा उप्पादवय धम्मिनो ।
उपज्जित्वा निरूज्झन्ति तेसंऊपसमो सुखो ॥



*बुदिं:*
*वि.सं. १९८५ कार्तिक दशमी*

*मदुगुदिं:*
*वि.सं. २०६८ आश्विन १५ गते, आइतवार, षष्ठी*

## मदुम्ह कयो मैं महर्जन (छाउनी)

रथया ल्यू ल्यू घ:चा: वैथें, जन्मलिसें वै मरण मनू,
मृत्यु मयोसां छन्हु ला सकलें वनेमा: वैथाय् शरण मनू,
थ्व हे शब्दयात सार्थकता याना: लुकुंबिना झा:म्ह **कयो मैं महर्जन** बुद्ध भुवनया शरणे बास लाय्मा धका: आशिका याना ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खल:

धर्मकीर्ति विहार, श्रीघ:, न:घ:



Downloaded from http://www.dhamma.digital

# मनको गाँठो

✍ नरेन्द्रनाथ भट्टराई

धेरैको बानि नै परिसक्यो, कोही खाल्डो वा कुवामा खसेको देखेमा कहाँबाट, किन र कसरी खस्यो भन्नेतिर अल्मलिने । जो खाल्डो वा कुवाबाट कसरी झिक्ने भनेर झिक्नेतिर लाग्दछ त्यही बुद्धिमानी हुन्छ । यसैगरी दु:ख, चिन्ता पऱ्यो भने कसरी भयो भन्नतिर लागेर समय खेर फाल्नु मूर्खता मात्र हुनेछ । कसरी हटाउने भनेर हटाउनेतिर लाग्नु नै बुद्धिमानी हुनेछ । मनको गाँठो कसरी हटाउने भन्ने कुरा पनि त्यस्तै हो । अनन्त समय भैसक्यो, यो पत्ता लगाउन पछि लाग्ने हो भने त अनन्त जन्म लाग्छ । विसर्जन चाहिँ अहिल्यै गर्न सकिन्छ ।

> *– शास्त्र पढ्दैमा र पढाउँदैमा पण्डित हुँदैन ? निन्दा र प्रशंसाले जसलाई छुनसक्दैन त्यही सच्चा पण्डिछ हुन्छ ।*
>
> *– संसारमा चित्त लागिञ्ञेल जङ्गलमै बसे पनि संसारी नै बनिन्छ भने मनमा चित्त लगाए बजारमै रहे पनि सन्यासी बनिन्छ ।*
>
> साभार- परमात्माको दर्शन (चिन्तन द्वारा)

प्राय: भगवान् बुद्ध विहान प्रत्येक दिनजसो आफ्ना (शिष्य) भिक्षुहरूको लागि केही न केही उपदेश दिने गर्नुहुन्थ्यो । एकदिन यसैगरी उपदेश दिनुहुँदा वहाँले आफ्नो हातमा एउटा रेशमको रूमाल लिएर आउनुभएको थियो । आफ्नो आसनमा बसेपछि वहाँले त्यस रूमालमा पाँचवटा गाँठो पार्नुभयो । भिक्षुहरू अचम्ममा परे ।

एक त बुद्ध कहिल्यै हातमा केही पनि लिएर आउनु हुन्नथ्यो । आज रेशमको रूमाल किन ल्याउनुभएको होला ? फेरि बोल्न छोडेर त्यही रूमालमा गाँठो पार्नतिर किन लाग्नुभएको होला ! भनेर भिक्षुहरूमा बडो खस्-खस् र उत्सुकता हुन थाल्यो । केही जादू पो गर्न लाग्नुभएको हो कि भनी सोच्न लागे । बुद्धले शान्तसँग आफ्नो स्थानमा बसेर गाँठोहरू पारिसकेर भन्नुभयो–

"हे भिक्षु हो ! रूमालमा गाँठो पारें, अब म तिमीहरूलाई दुईवटा सवाल सोध्नु चाहन्छु, पहिलो सवाल– यो रूमाल गाँठो पार्नुभन्दा अगाडिको र अहिलेको गाँठो पारिसकेपछिकोमा स्वरूपगत केही फरक छ ?"

एकजना भिक्षुले भने– "स्वरूपगत त केही फरक छैन, रूमाल उहीको उही छ ।"

बुद्धले भन्नुभयो– "ठीक । रूमाल उही नै भएपनि पहिले गाँठो थिएन, अहिले गाँठो छ । तर यो चाहिं केवल बाहिरी फरक मात्र हो । रूमालको स्वरूप चाहिं उही छ । संसार र निर्वाणमा पनि यति नै फरक छ । निर्वाणमा पनि उही स्वरूप हुन्छ । संसारमा पनि उही स्वरूप हुन्छ तर संसारी मानिस गाँठो परेको रूमाल जस्तै हुन्छ । अनि बुद्ध गाँठो नपरेको रूमाल जस्तै हुन्छन् ।"

त्यसपछि बुद्धले एउटा भिक्षुलाई फेरि सोध्नुभयो–

"गाँठो कसरी परेको भन्ने कुरा नबुझिकन अर्थात् गाँठोको बारेमा राम्ररी थाहा नपाइकन गाँठो खोल्ने प्रयास गर्नु ठीक हुन्छ कि गाँठो खोल्नतिर लाग्नु ठीक पर्ला ?"

भिक्षुले भने– "कसरी गाँठो परेको हो भन्ने थाहा भएपछि त्यसको विपरित काम गऱ्यो भने फुकाउन सजिलो हुन्छ ।"

"तर पछि यो गाँठो धेरै वर्ष पहिले पारेको रहेछ भने कसरी थाहा पाउँछौ ?" भनी बुद्धले सोध्नुहुँदा भिक्षुले भने– "उसो भएत गाँठो फुकाल्नुतिर लाग्नु नै वेश होला ।"

तब बुद्धले भन्नुभयो– "जुन तरिकाले भए पनि पहिले गाँठो खोल्नेतिर नै लाग्नुपर्दछ । हेर भिक्षु हो । तिमीहरू पनि यसै गरी मन कसरी पैदा भयो भनी सोचविचार गर्नतिर नलाग, मनको पकड कसरी हट्छ, त्यसैमा लाग । जुनबेला मन हट्छ, त्यसैवेला मन कसरी पैदा भएछ भन्ने कुरा पनि स्वत: पत्ता लागिहाल्छ । किनभने जसले विसर्जन गर्न सक्छ, उसैले सिर्जन पनि गर्न सक्छ ।

❖



Downloaded from http://www.dhamma.digital

# सूचना प्रविधि र धर्मप्रचारको अन्तर सम्वन्ध

✍ शुभरत्न शाक्य

**"चरथ भिक्खवे चारिकं बहुजन हिताय, बहुजन सुखाय लोकानुकम्पाय अत्थाय सुखाय देवमनुस्सानं ।"**

*अर्थ–*

"भिक्षुहरू ! बहुजन हितको लागि, बहुजन सुख र कामको लागि (धर्म) संचार गर ।

यस उक्ति सारनाथमा भगवान् बुद्धको भिक्षुहरूलाई दिनुभएको प्रथम आदेश थियो । यस आदेशलाई शिरोधार्य गर्दै, भिक्षुहरू एउटा बाटोमा एक जनामात्रै जानेगरी गाउँ गाउँमा, निगम निगममा शहर तथा नगरहरूमा गएर बुद्धको अमूल्य धर्म रत्नलाई व्यापक प्रचार प्रसार गरेका थिए । त्यो बेलाको सञ्चारको माध्यम प्राकृतिक तथा प्रत्यक्ष अर्थात् मुखबाट खोलेर र कानबाट सुनेर हुने गर्दथे । सुचना प्रविधिको विकासले आजसम्म आइपुग्दा समयले धेरै गुणा फड्को मारेको छ र सुचना प्रविधिको विकास भएको छ । मानव विकासका लागि सुचना प्रविधिले धेरै सहयोग गरेको छ । सूचना प्रविधिको प्रयोगले क्षमतावान् भिक्षुहरूले बढी भन्दा बढी धार्मिक कुराहरू प्रेसित गर्न सक्दछन् भने अर्कातिर श्रद्धालुहरूले बढी भन्दा बढी धर्म सम्बन्धी ज्ञान हासिल गर्ने, शङ्का निवारण गर्ने गर्दछन् ।

हाम्रो देश नेपालमा प्राय:स सबै विहारहरूमा परियत्ति सम्बन्धी शिक्षाहरू, पाठ्यक्रम, पुस्तक, कापी, पत्र-पत्रिका, चिट्ठी कागजमा बनाइएका सामाग्री, सिडी, डि.भि.डी. चक्का सुचना प्रविधिको प्रयोग गरी परियत्ति शिक्षा प्रदान गरिन्छ । त्यस्तै आनन्दभूभि, धर्मकीर्ति, हिमपात, अमृतोपदेश, बौद्ध मासिक पत्रिकाहरूले धर्मको बैचारीक मन्थन, समाचार अपडेट भएको छ । यी पत्र-पत्रिकाहरूमा छापिने लेखहरूलाई ई-मेल मार्फत लेखकबाट सिधै सम्पादकको कम्प्यूटरमा पुग्न सुचना प्रविधिको प्रयोगले सहज तुल्याएको छ ।

"परिया पुणाति'ति परियत्ति' भनिन्छ । अर्थ– जान्न बुझ्नुपर्ने सम्पूर्ण विषयहरूलाई "परियत्ति" भन्ने पाली शब्दले अर्थ्याउँछ । कम्प्यूटर सम्बन्धी दक्षता हासिल गरेका उपासक उपासिकाहरूले परियत्ति शिक्षालाई विदेशमा बस्ने नेपालीहरूको पनि पहुँच पुऱ्याउन सकोस् भन्ने सदिच्छाले विभिन्न उपाय गरी सिडीहरूमा पाठ्यक्रमहरूलाई सहज तथा आकर्षक ढङ्गले डिजाइन गरी राख्ने गरेको छ । त्यस्तै ठूला ठूला भन्ते, गुरुमांहरूको धर्म देशनालाई अडियो र भिडियोमा समेटिएर प्रचार प्रसार गरिनुले समयको मागलाई सम्बोधन गरेको छ । अर्कातिर कम्प्यूटर सम्बन्धी दक्षता भएका भिक्षुहरूले वेवसाइटको मार्फत धर्मप्रचार गर्दै हुनुहुन्छ ।

सामान्यतया मानव जीवनमा आवश्यक पर्ने बुद्धका शिक्षाहरू जस्तै पञ्चशील, आचरणीय व्यवहार सम्बन्धी अभिधर्मका ज्ञानहरू, गृह-विनयका कुरा, अन्य धेरै भन्दा धेरै किताबहरू वेवसाइटमा संगाल्ने जमर्को हुँदैछ । यसक्षेत्रमा theravada.net अग्रपंक्तिमा रहेको देखिन्छ । यस वेवसाइटमा नेपालमा थेरवादी विहारहरूको तथ्याङ्क, ज्येष्ठ भन्ते, गुरुमांहरूको परिचयात्मक जानकारी, फोटो ग्यालरी, Slide Show समाचार अपडेट आनन्दभूमि, धर्मकीर्ति मासिक पत्रिका Online Reading, Download पनि गर्न सकिने व्यवस्था गरिएको छ । त्यस्तै Twitter, Facebook को लोकप्रियता सँगसँगै धर्मप्रचारको माध्यमको रूपमा यसलाई प्रयोग गर्ने क्रम चुलिँदै गएको छ । Facebook मा पनि Anandakuti Vihar, Shang the Unity, We are Buddhist, theravada.net, Happy Life आदि Group हरूले धार्मिक उक्ति, Photo हरूलाई Status मा Upload गर्ने गरेको छ । त्रिपिटक ग्रन्थहरू अब website बाटै अध्ययन गर्न पाइने गरी दुण्डबहादुर बज्राचार्यको www.tipitakanepal.org मा उपलब्ध छ ।

कुनै धार्मिक पुस्तक छाप्न परेमा दाताहरू Facebook मार्फत भन्तेहरूसँग सम्पर्क राखी विदेशबाट Money Transfer गरी पठाउने र प्रकाशन गर्ने गरेको देखिन्छ । यस्तो सुचना प्रविधिको प्रयोगले विदेशी दाताहरूको समय, ढुवानी खर्चलाई त बचाउँछ नै साथै धर्म प्रचारको मनसायलाई पनि प्रश्रय पाउँछ ।

धर्म प्रचारको सिलसिलामा गरिने मिटिङ्ग कम्प्यूटरको सहयोगले नेट मिटिङ्गमा लानसके, यसले समयको वचत भई आवागमनमा सहज र समयको बचत हुन्छ । त्यस्तै हालै भएको सर्वेक्षण अनुसार किताब, कापी, पत्रपत्रिका समाचारपत्र जस्ता सम्पूर्ण कागजको प्रयोगलाई अनलाइनमार्फत व्यवस्था गर्न सकेमा वातावरणीय असरमा कमि आउने कुरा महसुस गरिएको छ । विश्वका



Downloaded from http://www.dhamma.digital

ठूलठूला कम्पनीहरूले यस कार्यको थालनी पनि गरिसकेको छ । सोनी कम्पनीले २० भन्दा बढी पत्रिकाको अनलाइन संस्करण खरीद गर्ने निर्णय गरेको छ । विश्वका पाँचौं ठूलो प्रकाशन गृह म्याकमिलनको डाइनामिक बुकमा गरेको सफ्टवेयर बजारमा ल्याएको छ । यस सफ्टवेयरले यसका सम्पूर्ण प्रकाशनलाई अनलाइनमा नै थपघट, संशोधन परिमार्जन गर्न सकिने व्यवस्था मिलाएको छ । बृटिस लाइब्रेरिले लाखौं प्रकाशनलाई अनलाइनमा लाने निर्णय गरेको छ । त्यस्तै अमेरिकाको क्यालिफोर्निया राज्यले पेपरलेस क्लास चलाउने निर्णय गरेको छ । ओयलपिसी ल्यापटपलाई पनि पेपरलेस पढाइको नमुनाको रूपमा लिन सकिन्छ । बौद्ध देश थाइल्याण्डमा सर्वप्रथम प्रेस भित्र्याइ किताब छाप्ने स्रेय बौद्ध भिक्षुहरूलाई जान्छ । यसरी धर्म प्रचारको लागि सुचना प्रविधिको प्रयोग र सुचना प्रविधिको विकासको श्रेय धर्म प्रचारलाई जाने कुरा भारतबाट तिब्बत तथा चाइना, ताइवानमा प्रचुर मात्रामा नयाँ-नयाँ सुचनाप्रविधिको प्रयोग गरी भाषान्तरण गरी विशाल जनसंख्या माझ धर्म प्रचार गर्ने भगिरथ प्रयत्नलाई हामी सबैले साधुवाद भन्नैपर्छ ।

**बनेपा ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग**

१) बाबुराजा तुलाधर
ग्लास हाउस, असन - रु. १,०००/–
२) नाम राख्न नचाहने उपासिका - रु. १,०००/–
३) उज्ज्वल महर्जन, अष्ट्रेलिया
(भोजनको लागि) - रु. ३,०००/–
४) शाहेबलाल शाक्य, बनेपा - रु. १,०००/–
५) चिनिशोभा कंसाकार, श्रीघः - रु. ५००/–
६) ज्वहरलाल शाक्य, बनेपा - रु. ५००/–
७) अनगारीका नेक्खमी, पाटन - रु. ३१५/–
८) केशचन्द्र शाक्य, बनेपा - रु. ३००/–
९) भन्तेहरू तथा बालिकाहरूलाई भोजन प्रदान
(स्व. सुदीप क्षेत्रीको पुण्यस्मृतिमा)
के.बी. क्षेत्री र उषा क्षेत्री मार्फत

*आजीवन वार्षिक भोजनको लागि सहयोग गर्ने दाताहरू–*

१०) मन्दिरा ताम्राकार, मरुटोल
(स्व. माँ हिरालानी र बुबा कुलरत्न ताम्राकार ज्यूका पुण्यस्मृतिमा) - रु. १५०००/–

*यो पनि थाहा पाइराखे राम्रो ...*

**त्रुटिपूर्ण टिकट हटाइयो : राजदूत हेवागे**

*काठमाडौं, साउन ३० गते ।* श्रीलंकाली सरकारले जारी गरेको बुद्धसम्बन्धी त्रुटिपूर्ण हुलाक टिकट प्रचलनबाट हटाइ सकिएको नेपालका लागि श्रीलंकाली राजदूतले स्पष्ट पार्नुभएको छ ।

यो हुलाक टिक तत्कालैबाट प्रचलनमा रोक लगाइएको छ र पुनः मुद्रण गर्ने व्यवस्था छैन, नेपालका लागि श्रीलंकाली राजदूत थोसापाला हेवागेले सोमबार जारी गर्नुभएको विज्ञप्तिमा उल्लेख छ ।

श्रीलंकाली सरकारले यसै वर्षको मे १४ (वैशाख ३१) मा बुद्धसम्बन्धी भिन्नाभिन्नै चारवटा टिकट प्रकाशन गरेको थियो र तीमध्ये एउटा टिकटमा मायादेवी मन्दिर भारतको मानचित्रमा देखाएको थियो । यही हुलाक टिकट 'त्रुटिपूर्ण' भएकाले प्रचलनबाट हटाइएको राजदूतले जानकारी दिनुभएको हो ।

नेपालको कपिलवस्तु जिल्लामा रहेको मायादेवी मन्दिर र बौद्धधर्मावलम्बीका लागि महत्त्वपूर्ण स्थल लुम्बिनीलाई संयुक्त राष्ट्रसंघले समेत विश्वसम्पदा सूचिमा राखेको तर बौद्धमार्गी श्रीलंकाले नै यसलाई भारतको मानचित्रमा पार्नु दुखद् भएको उल्लेख गर्दै बुद्धसंग सम्वन्धित हुलाक टिक सङ्ग्रहकर्ता काठमाडौं चागलका रामेश्वरमान् कर्माचार्यले साउन १३ गतेको गोरखापत्रमा ध्यानाकर्षण गराउनुभएको थियो ।

गोरखापत्रसंगको कुराकानीमा बुद्धसम्बन्धी हुलाक टिकट सङ्ग्रहकर्ता कर्माचार्यले आफूले उक्त हुलाक टिकट आफ्नो साथीमार्फत प्राप्त जेठ (२०६८) मा गरेको र त्यसपछि काठमाडौंस्थित श्रीलंकाली राजदूतावास र परराष्ट्र मन्त्रालयको ध्यानाकर्षण गराएको बताउनुभयो ।

यो डिजाइनमा भएको कमजोरी गल्ती हुनसक्ने धारण राख्नु हुने कर्माचार्यले त्रुटि सच्चाइएकोप्रति खुसी व्यक्त गर्नुभयो । यसैबीच हुलाक टिकट सङ्ग्रहकर्ताहरूका लागि महत्त्वपूर्ण उक्त टिकट केही भारतीयले ७०–८० वटा जति नेपालमा बिक्री गरेको पनि बताउनुभयो । बुद्धसम्बन्धी चारवटा टिकटको सेटलाई ७० रूपियाँमा किनबेच भएको उहाँले जानकारी गराउनुभयो ।

*साभार- 'गोरखापत्र' २०६८ श्रावण ३१ गते*



Downloaded from http://www.dhamma.digital

# कर्मफल–६

✍ धम्मवती गुरुमां

संसारय् आपासिया धन दत धायवं ध्यवाँ छुजक याय् मफु धयाथें धनमद, बलमद दया इपाँथिपाँ मसिया न्यासि चाया ज्वीपिं दु । अथ हे थ्व सेठया काय मचानं जुल । माँ बौ पिनि नं जिमि छुया धन्ना । धन सम्पत्ति यक्व दु नयाँ मफु । जिमि याक: काय्जा ख:नि धका: मतीतया: योयोथे मोज याका तल । काय्यात शिल्प शास्त्र व ज्या छुं स्यना मब्यू । केवल प्याखँ व्हीगु बाजा थाना मो ज याय्गुली जक हे भुले यानातल ।

मेथाय् नं छम्ह महाजनया याक: म्ह्याय् दु । वयात नं प्याखँ व्हीका मोज याकातल ।

थुखे च्वंम्ह महाजनया काय्यात वहे महाजनया म्ह्याय् विवाह याना बिल । वनं प्यीगु ४० करोड दाँ दुम्ह महाजन जुया च्वन ।

थुखे च्वंम्ह महाजनया काय् धा:सा करपिसं प्रशंसा जक याकेगु व भिं, खासाम्ह धका धायक्य मास्ते वोम्ह जुया च्वन । व यौवन जाया वल । वयात जुजुं महाजन (सेठ) पदवी बिल । व न्हिं निक: जुजुयाथाय् हाजिर जूवने मा: ।

अनत्वाले एलागुलु व जुम्हिते मा:पिं वदमासत यक्व दु । अमिसं मतीतल– फलनाम्ह महाजन छम्ह नकितिनिया ल्यायम्ह ख: । व छम्ह झीसं पासा नाले फुसा, झीसं धा:थें तये फुसा झी साप मोज ज्वी । व छम्ह नं एलागुल यानावी माल । अले प्याखँ स्वयेगुली नं मोज यायेदै, वनं प्याखँ सोय माम्ह ख: ।

व महाजनया माँ बौ निम्हं सिनावने धुंकल । व लुच्चा एलागुलुतसें व महाजन जुजुया दरवारं लिहाँवैगु सीका लँयसं एलासिसितया साक्क न्या व मेमेगु दयेका लँय नया क्यना च्वन । व महाजनं खनेवं वया नं ई चुलुचुलु वन । वं पासायाके न्यन–

इमि छु नया त्वना च्वंगु ?

इमि पाउँक फिनात:गु न्या व एला नया त्वना च्वंगुका । साप साइख्वावो धका पासाँ धाल ।

व महाजनया नं नये त्वने मास्ते वल । झीनं नये त्वने मालका नु धाल ।

व लुच्चातेला वयात भुले यायेमाला अन वया च्वंगु । व जक वयेवं सापसंक मानेयात, प्रशंसायात, छि सेठ जुसेंनिसें थ्व देशे साप सुख, छि धाथें ज्याम्ह ख: साप दया दुम्ह, त्यागीम्ह ख: । आहा ! जिमिला गुलिजक लय् तावो, जय ज्वीमा छि धका फुरफुरेयात ।

व महाजनला अथे जक प्रशंसा याके दुसा गा:म्ह । वंला जि नं एलात्वने मास्ते वल । पाउँ न्या नं नये मास्ते वल । अले छुमानि भिंभिंगु एला त्वंका बिल । व न्हापा अथे मत्वंनिम्ह खनि । वयातला अमृत त्वनाथें जुल । शूर थाहाँ वल । हानं त्वने हिं धका हानं त्वन । लुच्चाते बाँलाक पासा जुल ।

अमिसंला वयाके ह्येका कायेगु, क्वायेगु ग्वसा: ग्वल । प्याखं क्यने यंकल । प्याखं दयेकल । माक्व खर्च वं याना च्वन । साक्क साक्क नया च्वन । न्हिंन्हिं खर्चजक यानाच्वन । आमदानी दुगु मखु । ज्या नं छुं यागु मखु । बंजातसें धाल साहुजी ध्यबा मन्त, धुकू खालि जुल ।

महाजनं धाल– जिमि कलाया कोस: दनि मखु ला ?

"व जा दनि साहुजी",

"एसा वनि खर्चया धाल",

साहुया कलानं मोज यायेगुली भुलेज्वी धुंकुम्ह । वं भातयात छुं धाय् मफु । फुकं फुके मज्यू, ध्यवा कमाय् न यायमाल धका: धाय् मफु । थ:नं भात गथे अथे हे न्ह्यो वया बेहोश जुया च्वन ।

कलायागु कोस: नं दक्वं फुके धुंकल । छचैं बन्हतया ध्यबा त्यासा कया मोजयाना च्वन । छ्चैंया मू सायक ध्यबा त्यासा काय् धुंकल । साहुँ क्यन । छ्चैंनं थनाहल । फलचाय् बाय् च्वने माल । धौभ्यग: ज्वना: फो नानये माल ।

*क्रमश:*


### धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रलाई सहयोग

धर्मकीर्ति परियत्ति शिक्षा केन्द्रको सहयोगार्थ दाता प्रकाश वीर सिंह तुलाधर, लाजिम्पाटबाट रु. १५००/– रकम प्रदान गर्नुभई पूण्य संचय गर्नुभएको छ । दाता तुलाधरलाई यस केन्द्रले आयु आरोग्य कामनागरी साधुवाद व्यक्त गरिएको छ ।




Downloaded from http://www.dhamma.digital

# भिक्षु अश्वघोषलाई संघनायक र भिक्षु कुमार काश्यपलाई उप-संघनायक पदवी



**नव संघनायक भिक्षु अश्वघोष महास्थविर**



**नव उप-संघनायक भिक्षु कुमार काश्यप महास्थविर**

२०६८ असोज ७ गते संघनायक भिक्षु बुद्धघोष महास्थविर दिवंगत हुनुभएकोले उक्त संघनायक पद रिक्त भएको थियो । त्यसैले २०६८ असोज १४ गते का दिन नयाँ बानेश्वरस्थित विश्वशान्ति विहारको उपोसथागारमा भिक्षु महासंघका अध्यक्ष भिक्षु बोधिसेन महास्थविरको अध्यक्षतामा बसेको भिक्षु महासंघको बैठकले भिक्षु अश्वघोष महास्थविरलाई संघनायक र भिक्षु कुमार काश्यप महास्थविरलाई उपसंघनायक पदवी प्रदान गर्ने निर्णय गरिएको थियो । हाल भिक्षु अश्वघोष भिक्षु महासंघ नेपालका छैठौं संघनायकको रूपमा हुनुहुन्छ । यस अघिका संघनायकहरू (दिवंगत हुनुभएका) क्रमश: यसरी हुनुहुन्छ–

(१) भिक्षु प्रज्ञानन्द महास्थविर

(२) भिक्षु शाक्यानन्द महास्थविर

(३) भिक्षु अनिरूद्ध महास्थविर

(४) भिक्षु सुबोधानन्द महास्थविर

(५) भिक्षु बुद्धघोष महास्थविर

पदवी प्रदान पश्चात् भिक्षु ज्ञानपूर्णिक महास्थविरले नवसंघनायकबाट भिक्षु संघलाई केही ओवाद (अर्ति उपदेश) दिनहुनका लागि अनुरोध गर्नुभएकोले नव संघनायक भिक्षु अश्वघोष महास्थविरले ओवाद दिनुहुँदै भन्नुभयो–

"हामी सबैले बुद्ध शासन चिरस्थायीको लागि जीवन अर्पण गरेका छौं । तसर्थ हामीले नि:स्वार्थ भई भगवान् बुद्धले दिनुभएको उपदेश चिरस्थायी गर्नको लागि अघि बढौं ।

**"सुखासंघस्स सामग्गी"** भिक्षु संघको एकता नै सुखद् हो भन्ने बुद्धवचन संधै स्मरण गरौं । भगवान् बुद्ध दूरदर्शी शास्ता हुनुहुन्थ्यो । त्यसैले परिनिर्वाण हुनु केही दिन अघि भिक्षुहरूलाई उहाँले यसरी ओवाद दिनुभएको थियो–

"भिक्षुहरू हो ! मेरो मृत्यु पश्चात् मैले बताएका विनय नियमहरू "खुद्दानु खुद्दक" ससाना नियमहरूलाई समयानुकूल आवश्यक परे त्याग्न सकिन्छ । यसमा सबै सहमत भए ।

अर्को स्मरणिय बुद्ध वचन यसरी रहेको छ, **"अञ्ञाहि लाभुपनिसा अञ्ञा निब्बाण गामिनी"** अर्थात् लाभ सत्कारको बाटो अर्कै, निर्वाणको बाटो अर्कै ।

भगवान् बुद्धको यी ज्ञानवर्द्धक एवम् व्यवहारिक शिक्षालाई हामीले आफ्नो जीवनमा प्रयोग गरी हामी सबै व्यवहारिक बन्नसक्नु परेको छ । अनि मात्र बुद्ध शिक्षालाई हामीले चिरस्थायी बनाउन सक्नेछौं ।

त्यसपछि नव नियुक्त उपसंघनायक भिक्षु कुमार काश्यम महास्थविरले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो– "बुद्ध शासन चिरस्थायीको लागि हाम्रो ठूलो दायित्त्व रहेको छ । यसको लागि भिक्षुहरू बिच एकआपसमा मेलमिलापको आवश्यकता रहेको छ । एकता भनेको ठूलो कुरा हो । यसलाई सबैले स्मरण गर्नु राम्रो होला ।"



Downloaded from http://www.dhamma.digital

# अन्तर्राष्ट्रिय १२ औं शाक्यधिता सम्मेलन

✍ नानी के. वज्राचार्य



*विभिन्न देशहरूबाट १२ औं शाक्यधिता सम्मेलनमा भाग लिन आएका केही सहभागीहरूका साथमा लेखिका*

शाक्यधिता नेपाल च्याप्टरको लक्ष्य नै बौद्ध महिलाहरूलाई उचित ज्ञान, शीप र ध्यान सिकाइ समृद्धशाली, सुसंस्कृत, अनुशासित एवम् नैतिकवान नागरिकको रूपमा तयार पार्नु हो । सोही लक्ष्य लिएका सदस्यहरू मध्यबाट श्रद्धेय धम्मवती गुरुमांको अध्यक्षतामा शाक्यधिता नेपालको कार्य समिति गठन भयो । जसलाई शाक्यधिताको अन्तर्राष्ट्रिय संस्थाले मान्यता दियो ।

फलस्वरूप सन् २०११ जुन १२ देखि १८ तारिखसम्म थाइलैण्डमा भएको १२ औं शाक्यधिता अन्तर्राष्ट्रिय सम्मेलनमा निम्तो आएअनुसार शाक्यधिता नेपाल च्याप्टरले पनि भाग लिने अवसर पायो । सो टोलीमा श्रद्धेय मेत्तावती गुरुमां, श्रद्धेय सुखवती गुरुमां, श्रीमती विद्या शाक्य र म समेत चारजना थियौं ।

बैंकक प्रस्थानको लागि हामी चारैजना त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा जुन १० ता. विहान ७ वजे पुग्यौं । हामी R.A.Z. को १० बजेको Flight बाट बैंकक तर्फ उडियौं र नेपाली समयअनुसार दिउँसो २ बजे त्यहाँको विमान स्थलमा उत्रियौं । विमान स्थलमा आयोजकको तर्फद्वारा लिन आउने ब्यवस्था थियो र त्यहाँबाट हामीलाई सम्मेलन स्थल साथिरा धम्मसंस्थानमा लगियो । त्यो दिन हामी त्यहिं बस्यौं । भोलिपल्ट जुन ११ तारिखका दिन बर्मा, ताइवान, रसिया, मंगोलिया आदि देशका सम्मेलनका प्रतिनिधिहरू बसेको ठाउँ माया गौतमी फाउण्डेशनमा राखियो ।

*June 12th, 2011*

जुन १२ तारिख सम्मेलनको पहिलो दिन, माया गौतमी फाउण्डेशनबाट हामी सबैलाईनै विहान ५:३० बजे बसद्वारा सम्मेलन स्थल साथिरा धम्म संस्थानमा पुऱ्याइयो । त्यहाँ विहान ७:०० बजे देखि एकघण्टासम्म ध्यान बारे सिकाउने काम भयो । त्यसपछि जलपान कार्यक्रम सकेर ९:०० बजे हरेक देशका प्रतिनिधिहरूलाई आ-आफ्नो भाषामा प्रार्थना गर्न लगाएको थियो । हामीले पनि त्रिरत्न वन्दना वाचन गऱ्यौं । सबैले यसलाई राम्रो माने । त्यसपछि Launch Break भयो ।



Downloaded from http://www.dhamma.digital

खाना खाइसकेपछि सम्मेलनको कार्यक्रम फेरि सुचारूरूपले सुरुवात भयो । त्यो दिन थाइलैण्डकी अधिराजकुमारीको सम्मेलनमा सम्बोधन गर्ने कार्यक्रम थियो । त्यसको लागि सम्मेलनमा कुनै विशिष्ट तामझाम नगरी सरल, सहज र सामान्य नै बनाइएको थियो । सबै सहभागीहरू अनुशासित र शान्तिपूर्वक बसेका थिए । अधिराजकुमारीको आगमन पछि मञ्चमा लैजाने काम साथिरा धम्म संस्थानकी मुख्य भिक्षुणी मेची सन सानिले त्यहाँ वरिपरि देखाएर जानकारी गराएकि थिइन् । कार्यक्रममा मुख्य भिक्षुणी मेची सन सानीले मन्तव्य व्यक्त गरीसकेपछि अधिराजकुमारीबाट सम्बोधन भएको थियो । अधिराजकुमारी सम्मेलन कक्षमा आउँदा र फर्कंदा भिक्षुणीहरू कोही पनि उठेको देखिएन । किनकि उनीहरू सबै आदरणीय थिए । यसबाट मैले त्यहाँ बौद्ध धर्मप्रति ठूलो आस्था र श्रद्धा भएको महशुस गरें । अधिराजकुमारीले सामान्य नागरिक सरह सम्मेलनका सहभागीहरूसंग कुराकानी गरेको देख्दा म ज्यादै प्रभावित भएँ । मैले आफ्नो नेपालको स्थितिसंग पनि तुलना गर्न पुगें ।

*June 13-18, 2011*

सम्मेलन अवधिभरको दिन चर्या एकनासै थियो । विहान ५:३० बजे बसले लिन आउने र सम्मेलन स्थलमा पुऱ्याउने र ७:०० देखि ८:०० बजेसम्म ध्यान बारे कार्यक्रम र छलफल गर्ने अनि जलपान र त्यसपछि सहभागी देशका महिला विदुषीहरूले कार्यपत्रहरू प्रस्तुती गर्ने गर्दथे ।

यही सिलसिलामा एउटा कार्यपत्र प्रस्तुतीमा नेपालमा बौद्धमार्गीहरूले बुद्ध जयन्तीको दिन बलि चढाउँछन् भन्ने उल्लेख भयो । जुन कुरालाई हामीले स्वीकारेनौं । बुद्ध जयन्तीका दिन बौद्धमार्गीहरूले बलिदिने कुरा त परै जावस् हिन्दू धर्मावलम्बीहरूले समेत यो दिन यो कुरालाई ध्यानमा राख्दछन् । यहाँ धार्मिक सहिष्णुता र समन्वय अपूर्व रूपमा देखिन्छ ।

यस्तै एउटा कार्यपत्र प्रस्तुतीमा नेपालमा उत्तिकै क्षमता र योग्यता भए पनि भिक्षुणीहरू भिक्षु सरह छैनन् भन्ने टिप्पणी भयो । तर यस विषयमा हामीलाई राम्रो ज्ञान नभएकोले मौन नै रह्यौं ।

एकहप्ताको १२ औं अन्तर्राष्ट्रिय शाक्यधिता सम्मेलन सकेर केही अनुभव र आफ्नो केही कमजोरी महशुस गरेर काठमाडौं फर्क्यौं ।

*निस्कर्ष :*

(१) विभिन्न देशका शाक्यधिता सदस्यहरू ज्यादै नै सहयोगी, जाँगरिलो र मेहनती पायौं । साथै समयको सदुपयोगी र करूणामयी पायौं ।

(२) तुलनात्मक रूपमा बौद्ध धर्म र दर्शनमा अनुसन्धानात्मक अध्ययनको आवश्यकता महशुस गऱ्यौं ।

(३) शाक्यधिताका सदस्यहरूमा संख्यात्मक भन्दा गुणात्मक चरित्र र क्षमतामा वृद्धि ल्याउनुपर्छ भन्ने निचोडमा पुगियो ।

(४) आगामी सन् २०१३ मा भारतको पटनामा हुने १३ औं अन्तर्राष्ट्रिय शाक्यधिता सम्मेलनमा भाग लिन शाक्यधिता नेपाल च्याप्टरले अहिले देखि नै गृहकार्य गर्नुपर्दछ र हाम्रो तर्फबाट गहकिलो कार्यपत्र प्रस्तुत गर्नुपर्दछ । साथै सम्मेलनबाट बढी भन्दा बढी अनुभव कसरी हासिल गर्न सकिन्छ भन्ने विषयमा सचेत हुनुपर्दछ ।

wdk|rf/ ;dfrf/

## अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालका लागि नयाँ पदाधिकारी चयन

अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपालका अध्यक्ष धम्मवती गुरूमांको अनुमति एवं निर्देशनानुसार २०६८ आश्विन २३ गते धर्मकीर्ति विहारमा एक वैठक सम्पन्न भएको समाचार छ । उक्त समाचार अनुसार उक्त सँघका लागि निम्नानुसार नयाँ पदाधिकारीहरूको चयन भएको छ ।


अध्यक्ष - धम्मवती गुरूमां
उपाध्यक्ष - ञाणशीला गुरूमां
उपाध्यक्ष - धम्मदिन्ना गुरूमां
महासचिव - माधवी गुरूमां
सचिव - सुजाता गुरूमां
सह-सचिव - ञाणवती गुरूमां
कोषाध्यक्ष - कमला गुरूमां
सह कोषाध्यक्ष - कुसुम गुरूमां

सदस्यहरू- अनोजा गुरूमां, अनुपमा गुरूमां, पञ्ञावती गुरूमां, धम्मविजया गुरूमां, रूपशीला गुरूमां, वीर्यवती गुरूमां, नन्दावती गुरूमां ।



Downloaded from http://www.dhamma.digital

# भिंतुना !



**नव संघ नायक भिक्षु अश्वघोष महास्थविर**

अग्ग महा सद्धम्म जोतिकधज

धर्मकीर्ति विहार संरक्षण कोष, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी व धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया धम्मानुशासक, धर्मकीर्ति बौद्ध मासिक पत्रिकाया प्रधान सम्पादक जुयाः धर्मकीर्ति विहारया छगः दथु थां जुयाः झीत धर्म बोध याका च्वनाबिज्याःह्म पूजनीय **भिक्षु अश्वघोष महास्थविर** थौं भिक्षु महासंघ नेपाःया संघ नायक जुयाबिज्याःगुलिं जिपिं सकलें श्रद्धां विभोर जुयाच्वना । संघ नायक जुयाः वसपोलं बिया बिज्याइगु दिशा बोधयात झीसं अनुकरण यानाः तथागतया सद्धर्म चीरस्थायी याय्गु पाखे न्ह्यब्वाय् फय्मा धयागु प्रण यासें वसपोल भन्ते प्रति सादर वन्दना याना ।

**धर्मकीर्ति विहार परिवार**



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार — गतिविधि

## उन्नतिको बाटो ७ वर्षको बालकलाई

*२०६८ असार ४ गते ।*

*स्थान- धर्मकीर्ति विहार ।* *प्रस्तुती- सुभद्रा स्थापित*

यसदिन पूज्य अश्वघोष भन्तेले "**उन्नतिको बाटो ७ वर्षको बालकलाई बुद्धको शिक्षा**" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो ।

बुद्धको शिक्षा आफूले धारणगरी अरूलाई पनि यही शिक्षा सिकाएर ज्ञानी बनाउनुनै अध्ययन गोष्ठीको उद्देश्य हो। भगवान बुद्धको समयकालमा पनि धेरै अज्ञानी व्यक्तिहरू नभएका होइनन् । त्यसैले भगवान् बुद्धले अरूहरूलाई समेत बोध गराउनका लागि भिक्षुहरूलाई सधैं ज्ञान हासिल गर्न र स्मृतिको बाटो तर्फ लाग्न शिक्षा दिइरहनुहुन्थ्यो ।

त्यसबेला एक उपासकको ७ वर्षीय बालक छोरोले उनको बुबासँग "उन्नतिको बाटो" विषयक प्रश्न सोद्धा उत्तर दिन नसकी दुवैजना भगवान बुद्ध समक्ष पुगी यसको उत्तर प्राप्त गरे ।

एकदिन राहुलमाताले राहुलकुमारलाई भगवान बुद्ध समक्ष अंश माग्न पठाउँदा भगवान बुद्धले राहुललाई सारीपुत्र भन्तेको हातमा अंश दिलाई दिन सुम्पिदिनु भयो । राहुल भिक्षु भएपछि उसले अन्य भिक्षुहरू भन्दा आफू फरक र तथागतपुत्र भनी अहम भाव प्रकट गर्न थाले । यस्तो स्वभाव देखी अन्य भिक्षुहरूले तथागत समक्ष गई चुकली लगाए । पछि तथागतले राहुललाई बोलाई जङ्गलतर्फ लग्यो र पानी भरिएको लोटा, आधा मात्र पानी भरिएको लोटा, पानी सबै फालिएको खाली लोटा देखाई राहुललाई पानी भरिएको लोटा जस्तै ज्ञानले सम्पन्न बन्न शिक्षा दिनुभयो । तथागतको आज्ञा शिरोपर गरी राहुलले विहारको नियम पालनगरी ज्ञानी बन्यो । ईर्ष्यालु भिक्षुहरूले झूठो आरोप लगाई तथागत समक्ष चुकली लगाउँदा समेत सहेर आफ्नो कर्त्तव्य पालनदेखि बिचलित भएन । उनको राम्रो स्वभाव देखेर ती इर्ष्यालु भिक्षुहरूलाई पश्चाताप हुन थाल्यो । उनीहरूले पनि त्यस्तै ज्ञानको शिक्षा हासिल गरी बोध भए ।"

## धर्मकीर्ति मिजं पुचः पाखें जूगु जलपानया ल्याःचाः

श्रद्धेय धम्मवती गुरुमां ७८ दँ क्यगु लसताय् न्ह्याःगु सप्ताहव्यापी (२०६८ असार २६ निसें श्रावण १ गते तक) पट्ठान पाठ बलय्

धर्मकीर्ति विहारय् २०६८ श्रावण १४ गतेनिसें भाद्र १३ गते (गुँला पारु निसें ञंला पारु) तक बुद्ध पुजा व धर्म देशना धुंकाः धर्मकीर्ति मिजं पुचःया ग्वसालय् जूगु जलपान ज्याझ्वःयात हापं बियाः ग्वहालि याना दीपिं दातापिनिगु नां धलः व उकिया ल्याःचाः क्वय् न्ह्यब्वया कथं दु । थजागु बुद्ध शासन चिरस्थायी जुइगु ज्याय् छलपोल छिकपिनिगु श्रद्धा न्ह्याबलें बिलिबिलि जायेमा धकाः मनंतुसें साधुवाद देछाना च्वना ।

| गते | दातापिनिगु नां धलः | जलपान ज्वलं | हापं रु. |
|---|---|---|---|
| १५ | दिवंगत सुनिल महर्जनया नामं पुष्प, नानी, हेराकाजी, मोहनदेवी व सानुमैंयापाखें | पुरी, आलु व चिया | ६५०० |
| १६ | मचाम्ह महर्जन, त्यर | मालपुवा व चना | ४५०० |
| | कर्णदेवी पुचः | चिया | १५०० |
| १७ | हरिमान रञ्जित | मालपुवा व चिया | ४५०० |
| १८ | बेखामाया महर्जन, ठंबहि | मालपुवा, चना व चिया | ६५०० |
| १९ | चम्पा पुचः | मालपुवा व चिया | ४५०० |
| २० | दिवंगत नारायण महर्जनया नामं देव नारायण व कृष्ण, नयाँबजारं | मालपुवा, चना व चिया | ६५०० |
| २१ | प्राणमाया महर्जन, ठबहि | वजि, तरकारी, अचार व चिया | ६५०० |



Downloaded from http://www.dhamma.digital

| | | | |
|---|---|---|---|
| २२ | सेंकाजी, ज्ञानकाजी व पूर्णकाजी प्रजापति | मालपुवा, चना व चिया | ६५०० |
| २३ | मथुरा व दान केशरी शाक्य, भेंडासिं | पुरी, आलु व चिया | ६५०० |
| २४ | दि. बाज्या बजेया नामं केशरी, धनमाया | वजि, तर कारी, अचार व चिया | ६५०० |
| २५ | दि. पूर्णबहादुरया नामं मय्जु प्रजापति, बालाजु | मालपुवा व चिया | ४५०० |
| | पद्माबहादुर बज्रचार्य, क्वाबहा: | चिया | १५०० |
| २६ | सानुमैंया पुच: | मालपुवा, चना व चिया | ६५०० |
| २७ | ल्यासे अजि पुच: | क्वाँती दाये केत ग्याँस | ६५० |
| २८ | प्रेमकृष्ण महर्जन, साखुना | मालपुवा व चिया | ४५०० |
| २९ | दिवंगत नरेन्द्रया नामं | मालपुवा, चना व चिया | ६५०० |
| ३० | दिवंगत कुलबहादुर महर्जनया नामं लुलबहादुर, खा: बहा: | मालपुवा व चिया | ४५०० |
| ३१ | मुकुण्ड, सानुमैयाँ व सुरज नक:मि, टेकु | मालपुवा, चना व चिया | ६५०० |
| ३२ | कीर्तिमैंया पुच: | मालपुवा, चना व चिया | ६५०० |
| १ | हर्षबहादुर महर्जन | ग्वालमरी व चना | ४५०० |

| | | | |
|---|---|---|---|
| २ | मोतिकृष्ण तुलाधर, लाजिम्पाट | मालपुवा र चिया | ४५०० |
| ३ | दि. दिब्यरत्न चित्रकार, दाता चिनीमाँया परिवार | मालपुवा व चिया | ४५०० |
| ४ | दि. रामदेवीया नामं बुद्धरत्न महर्जन, टेकु | मालपुवा, चना व चिया | ६५०० |
| ५ | लक्ष्मीहेरा तुलाधर, क्षेत्रपाटी | चना व चिया | ३५०० |
| ६ | पूर्णदेवी पुच: | मालपुवा, आलु व चिया | ६५०० |
| ७ | लक्ष्मीकुमारी पुच: | मालपुवा व चिया | ४५०० |
| ८ | इन्द्रलाल नक:मि, त्रिपुरेश्वर | मालपुवा, चना व चिया | ६५०० |
| ९ | दि. सानुमाँया डंगोलया नामं छोरी, सा:ननी | पुरी, आलु व चिया | ६५०० |
| १० | दि. जहान गणेशलालया नामं इन्द्रमाया नक:मि, ढल्को | पुरी, हलुवा, चना व चिया | ८५०० |
| ११ | दि. अष्टमान महर्जनया नामं बेखामाया, गोफल | चना व चिया | ३००० |
| १२ | धर्मकीर्ति मिजंपुच: व सकल उपासक उपासिकापिं पाखें | खिर व आलु छोँ, जलपान | |
| १३ | कुल बहादुर महर्जन, सामाखुसी | मालपुवा, चना व चिया | ६५०० |
| | शिशिर चित्रकार | न्हिनय् बाखँ धुंका जलपान | २००० |
| | | **जम्मा (क)** | **१६७६५०** |



Downloaded from http://www.dhamma.digital

**श्रद्धेय धम्मवती गुरुमांया ७८ बुदिं बलय् श्रद्धेय भिक्षु महासंघपाखें साप्ताहिक (असार २६ निसें श्रावण १ गते तक) पट्ठान पाठ बलय् व श्रावण १५ गतेनिसें भाद्र १३ गते (गुंला पारु निसें ञला पारु) तक न्हि न्हिथंया जलपानया नितिं व थः दिवंगत बौया नामं बौया ख्वाः स्वयेगु दिं खुन्हु खिर जलपान याकेया नितिं वःगु हापं**

| क्र.सं. | दातापिनिगु नां धलः | हापं रु. |
|---|---|---|
| १ | धम्मवती गुरुमां | १५०० |
| २ | धम्मदिन्ना (चमेली) गुरुमां | १५०० |
| ३ | कमला गुरुमां | १५०० |
| ४ | धम्मविजया गुरुमां | १५०० |
| ५ | धजवती (कुसुम) गुरुमां | १५०० |
| ६ | मोहनमाया पुचः | १५०० |
| ७ | कर्णदेवी पुचः | १५०० |
| ८ | मनोगम्मा तुलाधर, कमलादी | २००० |
| ९ | अम्बररत्न स्थापित, सोन्हखुट्टे | ३५०० |
| १० | इन्द्रमान व छोरी नकःमि, क्वाडो | १५०० |
| ११ | तिर्थ महर्जन, न्हूघः | १५०० |
| १२ | दिवंगत अष्टमान महर्जन, गोफल | १५० |
| १३ | मोहनमाया महर्जन, कमलादी | १०० |
| १४ | प्रेमकृष्ण महर्जन, साखुना | १५० |
| १५ | छोरीमाया प्रजापति | १०० |
| १६ | रामेश्वर मानन्धर, ठंबही | ६५० |
| १७ | शुक्रदेव मुनिकार व काय् | २२० |
| १८ | आशाकाजी महर्जन, त्यर | ६५० |
| १९ | तिर्थमाया महर्जन, यटखा | १५० |
| २० | देवनारायण महर्जन, पाक्व | १०० |
| २१ | जितनारायण महर्जन, लैनचौर | १०० |
| २२ | हेरामान महर्जन | १०० |
| २३ | अष्टनारायण महर्जन, यटखा | १०० |
| २४ | रामहरि मुनिकार, बालाजु | १५० |
| २५ | अम्बररत्न स्थापित, सोन्हखुट्टे | ५०० |
| २६ | धनबहादुर नकःमि, ढल्को | ६५० |
| २७ | गणेशकुमारी डङ्गोल, वहिटी | ५०० |
| २८ | दिलमाया ताम्राकार | ५०० |
| २९ | न्हुछेमाया डङ्गोल | ५०० |
| ३० | चित्तरत्न तुलाधर | ५०० |
| ३१ | दवलकाजी तुलाधर | ५०० |
| | जम्मा (ख) | २२८७० |

| | | |
|---|---|---|
| ३२ | अमरबहादुर नकःमि, कालधारा | २०० |
| ३३ | अमीरबहादुर नकःमि, कालधारा | १०० |
| ३४ | छोरी महर्जन, बालाजु | २०० |
| ३५ | मय्जु प्रजापति, बालाजु | १०० |
| ३६ | रजनी तुलाधर, झ्वाः बहाः | ५०० |
| ३७ | पूर्णमाया स्थापित | ३०० |
| ३८ | भैरवबहादुर चित्रकार | ५०० |
| ३९ | शीलदेवी तुलाधर | ५०० |
| ४० | चिधिकःम्ह रत्नशोभा | ५०० |
| ४१ | दिवंगत राजमान व दिवंगत गणेशलाल नकःमिया नामं छें जःपिंपाखें | २२०० |
| ४२ | मचाम्ह महर्जन, कालधारा | ५०० |
| ४३ | रामहरी मुनिकार, बालाजु | ३०० |
| ४४ | दिवंगत कृष्णभक्त | ५० |
| ४५ | दि. सैंचा मुनिकार, दाता मचाम्ह | २०० |
| ४६ | मोहनमाया | ११० |
| ४७ | बसुन्धरा महर्जन, मैति | ५०० |
| ४८ | सरस्वती नकःमि, पूच्व | ५०० |
| ४९ | इश्वरीदास मधिकःमि | २०० |
| ५० | पूर्णमान नकःमि, मैति | ५०० |
| ५१ | नानीछोरी महर्जन | १०० |
| ५२ | दानदेवी तुलाधर | १०० |
| ५३ | सुमति तुलाधर | २०० |
| ५४ | चन्द्रशोभा ताम्राकार | २०० |
| ५५ | पारस तुलाधर | १०० |
| ५६ | कृष्णप्रसाद श्रेष्ठ, थाय्मदु | १०० |
| ५७ | शान्ति श्रेष्ठ, थाय्मदु | १०० |
| ५८ | नानीशोभा महर्जन, खुसीबुँ | १०२ |
| ५९ | एलिना महर्जन, खुसीबुँ | ११० |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ६० | मिमदेवी | १०० |
| ६१ | हेरारत्न तुलाधर | १०० |
| ६२ | सुशिला साही | २०२ |
| ६३ | दि. तुल्सीकृष्ण मानन्धर | १०० |
| ६४ | हेरामान महर्जन, मैती | २०० |
| ६५ | रामेश्वरी चित्रकार | १०० |
| ६६ | शुक्रदेव मुनिकार | १०० |
| ६७ | ज्ञानकुमारी ताम्राकार | ३०० |
| | **जम्मा (ग)** | **१००७४** |
| ६८ | विष्णुदेवी मानन्धर | २०० |
| ६९ | दि. इन्द्रबहादुर मानन्धर | २०० |
| ७० | मैंया | १०० |
| ७१ | कमल | १०० |
| ७२ | तिर्थमाया महर्जन, किलागः | ५०० |
| ७३ | सुर्जमान महर्जन, किलागः | ५०० |
| ७४ | मचाकाजी महर्जन, किलागः | ५०० |
| ७५ | सानु महर्जन, इलाछें | ५०० |
| ७६ | भक्तलाल चित्रकार | ५०० |
| ७७ | दि. देवनारायण नामं तुल्सीमाया | ५०० |
| ७८ | रामबहादुर नकःमि, कुपण्डोल | ५०० |
| ७९ | न्हुछेमाया तुलाधर, लाजिम्पाट | ५०० |
| ८० | इन्द्रलाल नकःमि, त्रिपुरेश्वर | ५०० |
| | **जम्मा (घ)** | **५१००** |

| क्र.सं. | खर्च | परिमाण | रु. |
|---|---|---|---|
| १ | दुरु | ७९७ गः | १७६३४ |
| २ | चिया | ७ के.जी. | १४२० |
| ३ | चिनी | २३२ के.जी. | १४१५७ |
| ४ | मैदा | १७१ के.जी. | ५०३२ |
| ५ | आटा | ९६.५ के.जी. | २५७७ |
| ६ | मुस्याचिकं | १५१ लिटर | १७५३२ |
| ७ | ग्याँस | ९ गः | ११९२५ |
| ८ | चना | ७१.५ के.जी. | ५०३७ |
| ९ | सिमि | ३ के.जी. | १९० |
| १० | लैं | १४ के.जी. | ३३५ |
| ११ | प्याज | १८ के.जी. | ६२८ |
| १२ | बजि | २९ के.जी. | २२७५ |
| १३ | घ्यः | १ के.जी. | ४१० |
| १४ | हाम्वः | ६५० ग्राम | १५५ |
| १५ | आलु | ५३.७५ धार्नी | ३३७० |
| १६ | कय्गु | ४.५ के.जी. | २२५ |
| १७ | जाकी | १५ के.जी. | ७३६ |
| १८ | बन्दा | ८ के.जी. | २०० |
| १९ | चि | ३ के.जी. | ४६ |
| २० | लाबा | ३.७०० ग्राम | २८५ |
| २१ | गाजर | २ के.जी. | १५५ |
| २२ | गोलभेरा | १.५ के.जी. | ५५ |
| २३ | बन पाउरोटी | ४०० ग्राम | १३२० |
| २४ | पाउरोटी | ६ गः | १३८ |
| २५ | हलू | ५०० ग्राम | २५० |
| २६ | जी | २.२ के.जी. | ८७५ |
| २७ | छोहरा | १.५ के.जी. | १३५ |
| २८ | दाख | १ के.जी. | ३४० |
| २९ | काजु | ७०० ग्राम | ५०० |
| ३० | छों | १.५ के.जी. | १०५ |
| ३१ | भुती | २ के.जी. | २३५ |
| ३२ | मल्ता | ०.७ ग्राम | २१० |
| ३३ | वाउँगु प्याज | ६ थु | ५० |
| ३४ | चिग्वःगु कय्गु | २२५ ग्राम | ३५ |
| ३५ | स्कूस | १ के.जी. | ३० |
| ३६ | मुस्याकःछें | ०.५ के.जी. | १५ |
| ३७ | आमली | १ के.जी. | ३० |
| ३८ | सर्फ | ५ पाकेट | १११ |
| | | **मुक्कं खर्च (क)** | ८८६४८ |

| क्र.सं. | खर्च | रु. |
|---|---|---|
| ३९ | २१ म्ह गुरुमां पिन्त जलपान | ५०० |
| ४० | चियादानी १ गः | ५०० |
| ४१ | आलु तासे यायेगु ३ गु | ३५ |
| ४२ | कप सिलेत हिटी ३ धाः तयाः | १६५० |



Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| ४३ | पटक पटक सामान ढुवानी | ५०० |
| ४४ | लाइटर २ गु | २० |
| ४५ | श्रीघः विहारय् रङ्ग पायेत व मर्मत ज्याय् मगा:गुलिं ग्वहालि यानागु | १३५०० |
| ४६ | नरबहादुरयात ज्याला | ३४०० |
| ४७ | ल्या:चाया फ्लेक्स प्रिन्ट | २४० |
| ४८ | फोटोकपि खर्च | २२० |
| | मुक्कं खर्च (ख) | २०५६५ |
| | मुक्कं आम्दानी (क,ख,ग,घ) | २०५६९४ |
| | मुक्कं ल्यंगु धेवा रु. | ९६४८१ |

थुगु ल्या:चा धलखय् सुं दातापिनिगु नां त्वफ्यूगु दुसा धर्मकीर्ति मिजं पुच:या नायोयात स्वापू तयादीत इनाप याना । नापं उगु त्वफ्यूगु नां थ्वहे वइगु मंसिर महिनाया संल्हू भोजनया ल्या:चास न्ह्यब्वयेगु बचं बिसें द्वंबिद्वं क्षमा फ्वना च्वना । सुभाय् !

उगु मुक्कं ल्यंगु धेवा रु. ९६,४८१/– तका श्रीघः विहारया न्हूगु भवन देकेत हापं तयेगु खँ लसतां कना च्वना ।

थुगु पुण्य ज्याज्वःसँ विशेष ग्वहालि याना दीपिं भाजु बलराम नक:मि, देवनारायण महर्जन, बोधिदास ताम्राकार, छोरी महर्जन, विष्णुदेवी महर्जन, सुनिता महर्जन, सानुमैया महर्जन, मिरा महर्जन प्रमुख सकल ग्वहालिमिपिन्त साधुवाद देछासें लिपालिपानं थजागु ज्याय् श्रद्धां बिलि जायेमा धका मनंतुना च्वना ।

## माँ

✍ सुभद्रा स्थापित

यो माँ छँ जित: तोतावन
छँ थें जित: मेपिसं सुनां बिचा: याई थन ?
विचा:ला या:पिं दु थन यक्कों ।
तर छँ बिचा: याइगुथें ज्व:ला:गु लुइके मफु
गज्योगु थासे सुयागु भरे तोतावना छं ?
जि जुल थन छ बिना हा:ना:मदुम्ह
छँ जित: बोवीगु, हे जिगु लागि उपदेश ताल
छँ जित: खायूगु नकूसां चाकुस्य च्वना: सा: ताल
जिगु दु:खनं सुखनं छँगु हे धका: जुइम्ह
माँ छँ जिगु लागि छु जक मयाना ?
छँ थैं जित: विचा: या:पिं सु मदु थन ?
उकें माँ छ जिगु पला: पतिं लुमना वइगु
अले जिगु मिखाँ ख्वबि हे जक पिहाँ वइगु
थ्व ख्वबियात पनेमफूत यो माँ छँ जित: तोतावन ।

### धम्मवती गुरुमांको सुस्वास्थ्य कामनार्थ साप्ताहिक परित्राण पाठ

*प्रस्तुती- शुभवती गुरुमां*

धर्मकीर्ति विहारका प्रमुख पूजनीय धम्मवती गुरुमांको सुस्वास्थ्य तथा दीर्घायु कामना गर्दै धर्मकीर्ति विहारका गुरुमांहरूको साप्ताहिक परित्राण पाठको आयोजना गरेको थियो । वि.सं. २०६८ असोज २६ गते देखि कार्तिक २ गतेसम्म सञ्चालित उक्त कार्यक्रम विहान ८ बजेदेखि ९ बजेसम्म पूज्य भन्तेहरूको तर्फबाट परित्राण पाठ भएको थियो । पाठ गर्नुहुने पूज्य भन्तेहरूको नामावली यसरी रहेको छ–

२०६८/६/२६ भिक्षु अश्वघोष, भिक्षु उपतिस्स
२०६८/६/२७ भिक्षु ज्ञानपूर्णिक, भिक्षु आचारो
२०६८/६/२८ भिक्षु कोण्डन्य र भिक्षु वजीर ज्ञाण
२०६८/६/२२ सयादो उ ञानुजोताभिवंस
सयादो उ सुजनपिय
२०६८/६/३० भिक्षु धम्ममूर्ति, भिक्षु अस्सजित
२०६८/७/१ भिक्षु उपतिस्स
२०६८/७/२ भिक्षु धम्ममूर्ति, भिक्षु सोभित, भिक्षु सद्धातिस्स, भिक्षु कोलित, भिक्षु कोण्डञ्य, भिक्षु सरणंकर, भिक्षु वजीर ।

## संघया कीर्ति अमर थजु

✍ आनन्द मानसिं तुलाधर

बाँ बौया योम्ह म्ह्याय् छ:पिं गणेश कुमारी ।
झिं स्वदँया बैसय् काम्ह प्रव्रज्या भारी ॥१॥
हाकुगुँ पुले मनंम्ह धर्म सिखलं ।
सायका: थ्यन बर्मा देश, पुला: जंगलं ॥२॥
मिहेनतं क्वचायकल "धम्माचरिय" ।
धर्मकीर्तिइ इनेत चाकु मरिथें ॥३॥
बुद्ध शिक्षाया ज: ह्वला: च्वँपिन्त थँ थं ।
थ्यन धम्मवती यागु जंकु हनेदँ नं ॥४॥
धर्मकीर्ति श्रीघ:लयथें निर्वाण मूर्तिइ ।
लुम्बिनीस भिक्षुणीया विहारय् फुर्ति ॥५॥
जीवन अनित्य जूसां सम्पदा धर्तिई ।
धस्वातले ह्वया च्वनी छ:पिनि कीर्ति ॥६॥
अनागारिकाया देशय भिक्षुणी दत ।
नां ल्वय्क चख्यना: च्यायमा संघया मत ॥७॥
मुक्त जुया: उगु रोगं छ:पिं याकनं ।
न्यने दय्मा बुद्ध वचं हाकनं ॥८॥
चीरं तिट्ठतु सद्धम्मो, लोको होतु सुखी सदा ॥



Downloaded from http://www.dhamma.digital

# धर्म प्रचार — समाचार

## २२७३ औं शस्त्र अस्त्र परित्याग विषयक साप्ताहिक प्रवचन सम्पन्न

अशोक सम्राटले कलिङ्ग युद्धमा विजय हासिल गरेता पनि आफ्नो मनलाई विजय गर्न नसकी, त्यसबेला भगवान् बुद्धका शिष्य श्रामणेर निग्रोधबाट पाएको शिक्षा मनन गरी उहाँले २२७२ वर्ष अघि विजया दशमीको दिन शस्त्र परित्याग गरेको दिनलाई स्मरण गर्दै पिपली थेरवाद बुद्ध विहारले हरेक वर्ष बौद्ध प्रवचन कार्यक्रम सञ्चालन गर्दै आइरहेको थियो । यसपाली पनि २०६८ आश्विन ११ गते देखि १८ गतेसम्म विहान ८:०० बजे देखि ९:०० बजेसम्म पिपली थेरवाद बुद्ध विहार सिफलमा प्रवचन कार्यक्रम सम्पन्न गरिएको समाचार छ । उक्त प्रवचन कार्यक्रमको तालिका यसरी रहेको जानकारी प्राप्त भएको छ ।

| दिनाङ्क | विषय | प्रवचक |
|---|---|---|
| २०६८/६/११ | दान पारमिता | भिक्षु आनन्द |
| २०६८/६/१२ | शील पारमिता | केशावती गुरुमां |
| २०६८/६/१३ | नैस्क्रम्य पारमिता | भिक्षु उपतिस्स |
| २०६८/६/१४ | प्रज्ञा पारमिता | आवशावती गुरुमां |
| २०६८/६/१५ | मैत्री पारमिता | भिक्षु अश्वघोष |
| २०६८/६/१६ | क्षान्ति पारमिता | कुशुम गुरुमां |
| २०६८/६/१७ | सत्य पारमिता | अनुला गुरुमां |
| २०६८/६/१८ | अधिष्ठान पारमिता | भिक्षु आनन्द |

## २२७३ औं शस्त्र परित्याग दिवस सम्पन्न

आजभन्दा २२७३ वर्ष अगाडि चण्ड अशोकले शस्त्र परित्याग गरी धर्म अशोकमा परिवर्तन भई यथार्थ सत्य जीत, अहिंसा, शान्ति, सर्व प्राणीको जीउने अधिकार सुरक्षित गर्नुपर्ने सन्देश, विश्वमा फैलाएको पुण्य स्मृतिमा, उनीप्रति कृतज्ञता ज्ञापन गर्ने, उनको आदर्श स्मरणगरी तत्अनुसार अनुकरण गर्ने उद्देश्यले थेरवाद बौद्ध दायक केन्द्रीय परिषदले २०५० साल देखि अनवरत रूपमा मनाउँदै आएको शस्त्र परित्याग दिवस यसपाली सरस्वती गा.वि.स. स्थूल, टोखा अवस्थित निर्माणाधिन बुद्ध भूमि महाविहार परिसर भित्र सम्पन्न गरेको समाचार छ । थेरवाद बौद्ध दायक केन्द्रित परिषद र बुद्धभूमि महाविहारको तत्त्वावधानमा सञ्चालित उक्त कार्यक्रम थेरवाद बौद्ध दायक केन्द्रीय परिषदका अध्यक्ष बखतबहादुर चित्रकारको अध्यक्षतामा सम्पन्न भएको थियो ।

धम्मानुशासक भिक्षु सद्धातिस्सले पञ्चशील पार्थना गराउनुभई शुरू गरिएको उक्त कार्यक्रममा उपासक सानुकान्छा डंगोलले उपस्थिति सबैलाई स्वागत गर्नुभएको थियो ।

मन्तव्य व्यक्त गर्ने क्रममा डा. सानुभाई डंगोलले सम्राट अशोक र अहिंसा बारे ऐतिहासिक पृष्ठ भूमिको विवेचना गर्नुभएको थियो ।

यसरी नै यो संसार प्राणी मात्रको साझा थलो हो । एकथरीको विनासले बाँकी अरू प्राणीको भलो सम्भव नहुने सत्य डा. लक्ष्मण शाक्यद्वारा आफ्नो मन्तव्यको क्रममा व्यक्त गर्नुभयो ।

थे.बौ.दा.के. परिषदका कोषाध्यक्ष श्री संघरत्न शाक्यज्यूले आफूले जे भनी प्रार्थना, वाचा गरेको हो, त्यस अनुसार व्यवहारमा पनि लागु गर्नसक्नुपर्छ, त्यसैले आँखा चिम्लेर हिंसा नगर्न आह्वान गर्छौं भन्नुभयो ।

यसरी नै उक्त परिषदका महासचिव विष्णुरत्न शाक्यले धर्मको नाममा हिंसा गर्नु, आफ्नो निजी स्वार्थको लागि नाना प्रकारका भाकल गरी अवोध सीधासादा निष्कपट प्राणीको बली दिने कार्य संसारको कुनै पनि सभ्य धर्मको लागि सान्दर्भिक नभएको कुरा व्यक्त गर्नुभयो ।

मन्तव्यको क्रममा श्रद्धेय कोलित भन्तेले आफूलाई मन नपर्ने काम कुरो अरूलाई पनि मन नपर्ने हुँदा, त्यस्तो काम कुरा नगर्ने बानी समाजमा प्रचार-प्रसार गर्न सकेमा मात्र क्रमश: चारैतिर अमन चयन शान्ति स्थापना हुने मनशाय व्यक्त गर्नुभयो ।

श्रद्धेय भिक्षु सद्धातिस्सले बुद्धभूमि महाविहारको निर्माण प्रगति बारे विवेचना गर्नुभएको उक्त सभामा थेरवाद बौ.दा.के. परिषदका अध्यक्ष बखतबहादुर चित्रकारले सिद्धार्थ गौतम बुद्ध लुम्बिनी नेपालमा जन्मेको हो भन्ने सत्यकुरालाई सम्राट अशोकको कारणले संसारमा प्रमाणित गरेर देखाउन सकिएको छ । त्यसकारण उक्त ठाउँको विकास गर्न हामी नेपाली सबैले चनाखो भई लाग्नु परेको छ भन्नुहुँदै बुद्धको पहिलो शिक्षा नै अहिंसा भएकोले धर्मको नाममा हिंसा गर्ने कार्य बन्द गर्न आवश्यक सरकारी आदेश जाहेर गर्न हुन विनम्र अनुरोधपत्र सम्माननीय प्रधानमन्त्रीज्यूहरूलाई प्रत्येक वर्ष दिंदै आएको कुरा अवगत गराई उपस्थित सबैलाई धन्यवाद दिंदै सभा विसर्जन गरिएको थियो ।



Downloaded from http://www.dhamma.digital

## कथिन उत्सव सम्पन्न

वि.सं. २०६८ सालको वर्षावास पूरा भएको उपलक्ष्यमा धर्मकीर्तिलाई प्राप्त भएको समाचार अनुसार विभिन्न विहारहरूमा निम्न उल्लेखित विहारहरूमा विभिन्न मितिमा कथिन उत्सव सम्पन्न भएकोछ–

| क्र.सं. | विहारका नाम र ठेगाना | मिति |
|---|---|---|
| १ | सुमंगल विहार लुंखुसी, ल.पु. | २०६८ आश्विन २५ गते |
| २ | गणमहाविहार, काठमाडौं | २०६८ आश्विन २६ गते |
| ३ | बौद्ध जनविहार, सुनागुठी, ललितपुर | २०६८ आश्विन २७ गते |
| ४ | सुगतपुर विहार, त्रिशुली | २०६८ आश्विन २७ गते |
| ५ | अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल | २०६८ आश्विन २८ गते |
| ६ | संघाराम विहार, ढल्को, काठमाडौं | २०६८ आश्विन ३० गते |
| ७ | विश्वशान्ति विहार, नयाँ बानेश्वर | २०६८ कार्तिक १ गते |
| ८ | श्रीघः विहार श्रीघः, काठमाडौं | २०६८ कार्तिक १ गते |
| ९ | ध्यानकुटी विहार, बनेपा | २०६८ कार्तिक २ गते |
| १० | प्रणिधिपूर्ण महाविहार, बलम्बु | २०६८ कार्तिक ४ गते |
| ११ | बुद्ध विहार, भृकुटीमण्डप, काठमाडौं | २०६८ कार्तिक ६ गते |
| १२ | करूणा विहार, मातातीर्थ | २०६८ कार्तिक ८ गते |
| १३ | धम्मावास विहार, खुसिबुं | २०६८ कार्तिक १२ गते |
| १४ | बोधिचर्या विहार, बनेपा | २०६८ कार्तिक १५ गते |
| १५ | शाक्यसिंह विहार | २०६८ कार्तिक १८ गते |
| १६ | आनन्दकुटी विहार | २०६८ कार्तिक १९ गते |
| १७ | मणिमण्डप विहार, ललितपुर | २०६८ कार्तिक १९ गते |
| १८ | आनन्द भूवन विहार | २०६८ कार्तिक २२ गते |
| १९ | एम्पी विहार, पाटन | २०६८ कार्तिक २३ गते |
| २० | पूर्वाराम विहार, धुलिखेल | |
| २१ | जीतवन विहार, थानकोट | २०६८ कार्तिक २१ गते |
| २२ | पाटी विहार, ठिमी | |
| २१ | धर्मचक्र विहार, बागबजार | २०६८ कार्तिक १० गते |

## ऋषिणी प्रव्रज्या सम्पन्न

नगदेश बौद्ध समूह र बौद्ध ल्याय्म्ह पुचः नगदेशको संयुक्त आयोजनामा महान धर्मसम्राट अशोकद्वारा शस्त्र परित्याग गरी निःशस्त्रीकरण अभियानको सूत्रधार बन्नुभएको गुणानुस्मरणगरी "२२७३ औं शस्त्र परित्याग दिवस"को पुनीत उपलक्ष्यमा नगदेश बुद्ध विहारको धम्महलमा "पञ्च दिवसीय ऋषिणी प्रव्रज्या कार्यक्रम" सञ्चालन गरिएको थियो। श्रद्धेय केशावती गुरुमांको अग्रसर तामा श्रद्धेय गुरुमांद्वय रूपावती र क्षान्तीवतीको सहयोगमा सो कार्यक्रममा १९ जना उपासिका नानीहरूले सहभागी भै पूण्य हासिल गर्नुभएको थियो। उक्त कार्यक्रमको थालनी "फूलपाती देखि पापांकुश एकादशी (असंचालं) सम्म भै जम्मा पाँच दिनभएको थियो । महान विजया दशमीको दिनमा बुद्ध पूजा गरी "२२७३ औं शस्त्र परित्याग दिवस" मनाई एक लघु प्रवचन कार्यक्रम समेत गरिएको थियो । सो कार्यक्रम श्रद्धेय रूपावती गुरुमां लगायतका अन्य वक्ताहरूले पनि बोल्नुभएको थियो ।

उक्त ऋषिणी प्रव्रज्या कार्यक्रममा सहभागी हुनुभएकाहरूको नामावली यस प्रकारका छन्–

| क्र.सं. | गृहस्थ नाम | ऋषिणी प्रव्रजित नाम |
|---|---|---|
| १. | गुणकेशरी बाडे | दानपारमि |
| २. | धनलक्ष्मी बाडे | शील पारमि |
| ३. | रिता | नैष्क्रम्यपारमि |
| ४. | सबिना बाडे | प्रज्ञापारमि |
| ५. | निर्जला प्रजापति | वीर्यपारमि |
| ६. | शिला | क्षान्तिपारमि |
| ७. | ईशा | सत्यपारमि |
| ८. | सजनी कालु | अधिष्ठानपारमि |
| ९. | रबिन | मैत्रीपारमि |
| १०. | शर्मिला | उपेक्खापारमि |
| ११. | सरिना | श्रुतवति |
| १२. | अनिशा | करूणावति |
| १३. | कृति | मुदितावति |
| १४. | युगिना | सारवति |
| १५. | अमिना | कुशलावति |
| १६. | मन्दिरा | पद्मावति |
| १७. | बिनिशा | भावनावति |
| १८. | संगिता | श्रद्धावति |
| १९. | पूर्णिमा | हिरीवति |



Downloaded from http://www.dhamma.digital

## ५५ औं धम्म दिक्षा दिवस मनाइयो

आज भन्दा ५५ वर्ष अघि अर्थात ई.सं. १९५६ अक्टोवर-१४, विजया दशमीको पवित्र पावन दिन मित्रराष्ट्र भारतको महाराष्ट्र प्रान्तको ऐतिहासिक स्थल नागपुरको मैदानमा भारतको संविधान निर्माता भारत रत्न दलित वर्गका मसिहा अग्र नेता, महामना, बोधिसत्व बाबासाहेब डा. भीमराव अम्वेडकरले धर्म परिवर्तनगरी बुद्ध धर्ममा श्रद्धेय भदन्त गुरू चन्द्रमणि महास्थविर ज्यूबाट बौद्ध उपासकत्व ग्रहण गरी वहाँ श्रद्धेय अम्बेडक ज्यू लगायत दशौं लाख उपेक्षित उत्पिडित, दलित जनसमुदाय बाट उन्मुक्त वातावरणमा त्रीरत्न शरण सहित पंचशील प्रार्थना गरी "नवदीक्षित बौद्ध दिक्षा ग्रहण गर्नु भएको संस्मरण नगदेश बुद्ध विहारको धम्महलमा अक्टोबर-१४ को समसाँझमा एक लघु प्रवचन कार्यक्रमको आयोजना गरिएको समाचार छ । प्राप्त समाचार अनुसार सो कार्यक्रममा प्रमुख अतिथिको रूपमा श्रद्धेय गुरूमां रूपावतिले आतिथ्य ग्रहण गरी प्रज्ञाको ज्योति रूपी मैनवत्ति प्रज्वलित गरी कार्यक्रमको विधिवत शुभारम्भ गर्नु भयो । सो कार्य अगावै गुरूमांले पंचशील प्रार्थना गराउनु भयो भने समारोहको अध्यक्षता बौद्ध ल्यायम्ह पुच:का सल्लाहकार उपासक जयराम भतां ले गर्नु भएको थियो । समारोहका अध्यक्ष भतां लगायत उपस्थित सवै उपासक उपासिकाहरूले डा. अम्बेडकर को फोटोमा श्रद्धाका पुष्प गुच्छा अर्पण गरी भावपूर्ण श्रद्धार्पण गर्नु भएको थियो ।

नगदेश बौद्ध समूहका सचिव उपासक कृष्णा कुमार प्रजापतिले "बोधिसत्व डा. भीमराव अम्बेडकरको जीवनी एवं योगदान" बारे लामो चर्चा गर्नु भएको थियो । त्यसमध्ये पनि आज भन्दा ५५ वर्ष अधिको अक्टोबर-१४, १९५६ को ऐतिहासिक घट्ना, स्थिति र ब्यक्तित्वको चर्चा गरी सभालाई भावुक बनाउनु भएको थियो । त्यस्ता महापुरूषहरू, युगपुरूषहरू माता पितामा सिमित नभै युगले जन्माउदा रहेछ । त्यसैले भन्ने गरिन्छ **"एक युगमा एकदिन एक चोटी मात्र आउँछ"** भने प्रमाणित उक्त उल्लेखित दिनले प्रमाणित गरेको छ । अत: त्यस्ता महामानव युगपुरूषको गुणानुस्मरण गरी कृतज्ञता जाहेर गरी वहाँजस्ताको पथ-प्रदर्शनमा लागी पर्नु तपाई हाम्रो नैतिक कर्तब्य हुन आउँछ । अत: वहाँको गुणानुस्मरण गरौं ।

अन्तमा सभापतिको अनुमतिलिई सभा विसर्जन गर्नु अगावै वहाँ महामानवको सदगति र निर्वाण कामना गरी सामूहिक पूण्यानु मोदन गरी कार्य सम्पन्न गरीयो ।

## दिवंगत भिक्षु बुद्धघोष महास्थविरज्यूको श्रद्धाञ्जलिसभा सम्पन्न

*२०६८ असोज २८ गते, भक्तपुर ।*

भक्तपुर मुनिविहारमा भिक्षु महासंघका पाँचौ संघ नायक श्रद्धेय भिक्षु बुद्धघोष महास्थविर ज्यूको निधन भएको र उहाँको सु-स्मरणमा श्रद्धाञ्जलि सभा सम्पन्न गरिएको समाचार छ ।

उक्त कार्यक्रम यसरी सञ्चालन भएको थियो । बौद्ध चारित्रिक नियमअनुसार शिल प्रार्थना- श्रद्धेय भिक्षु धम्मशोभन महास्थविरबाट एक मिनेट मौन धारण ।

स्वागत मन्तब्य- युवा बौद्ध पुच:का अध्यक्ष धर्मरत्न शाक्य - उहाँ भिक्षुको निधनबाट नेपालको बुद्ध शासनको एउटा युग: अन्त भयो । एउटा बज्राचार्य भिक्षु भएर जीवनमा संघर्ष गर्नु परेको कुरा ।

विभिन्न संघ संस्थाबाट श्रद्धाञ्जलि अर्पण ।

मन्तब्य– बौद्ध संघका अध्यक्ष त्रिरत्न शाक्य, उहाँ शीलवान् भन्तेको निधन बाट नेपालको बुद्ध धर्मको शासननिक क्षेत्रमा ठूलो क्षति भएको छ । राणाकालिन समयमा भिक्षु भएकोले जीवनमा कठिन संघर्ष गर्नु परेको छ ।

बौद्ध विद्वान रत्न सुन्दर शाक्य: भिक्षु बुद्धघोषको देन र उहाँको जीवनी प्रस्तुत गरेको ।

धन्यवाद: मैत्रय युवा संघका अध्यक्ष तिर्थराज बज्राचार्य– उहाँ भन्ते प्रेरणाबाट हामीले आज बौद्ध परि यत्ति शिक्षा सञ्चालन गर्न पाँयौं ।

सभापति- राम कृष्ण बैद्य:जीवनमा शीलको महत्व भएको कुरा । श्रद्धाञ्जली ब्यक्त गर्ने बौद्ध संघ संस्थाहरू । बौद्ध संघ युवा बौद्ध पुच:, बौद्ध सम्पदा संघ, मैत्रेय युवा संघ बौद्ध शैक्षिक संघ, दिपङ्कर ज्ञानमाला भजन खल: धर्मोदय सभा भक्तपुर शाखा मुनि विहार आदि ।

## महारत्न संगीत सिरपा

ज्ञानमाला भजन खल: स्वयम्भूया आजीवन ज: भाजु महामुनि सिक्राकार, टेवहा, जु बुँदिया लसताय् वयकया अबुजु व खलया पुलांम्ह नाय: महारत्न उपासकया नामं न्हु न्हुगु ज्ञानमाला भजन मे, च्वमिपिन्त ह:पा: बिइ कथं "ज्ञानमाला महारत्न संगित सिरपा" निस्वंगु जुल । च्वयुत इनाप यासे उगु सिरपा दँय्दसँ ज्ञानमाला भजन खल:, स्वयम्भु पाखें ल:ल्हायगु जुइ । उगु सिरपा: लागि छगू लाख अक्षय कोष तगु जुल उगु दाँया ब्याजं सिरपा बिइगु जुइ ।

मुद्रक: न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

**A BUDDHIST MONTHLY**



धम्मवती गुरुमां नयाँ दिल्लीस्थित बि.एल.कपूर मेमोरियल अस्पतालका
वरिष्ठ चिकित्सक डा. रंगाराव र धर्मकीर्ति स्वास्थ्य उपचारयात्रा टोलीका साथमा

**वर्ष-२९; अङ्क-७** **बु.सं. २५५५, सकिमना पुन्हि**

Downloaded from http://www.dhamma.digital

# wDdj tL u'?df+:jf:Yonfeu/L :jb]z lkmtf{

*प्रस्तुती- मदनरत्न मानन्धर*

धर्मकीर्ति विहारका संस्थापिका एवं धर्मकीर्ति विहार संरक्षण कोषका अध्यक्ष पूजनीय धम्मवती गुरुमां दिल्लीस्थित बि.एल.कपूर मेमोरियल अस्पतालमा स्वास्थ्य परीक्षण तथा उपचार गराई गत २०६८ साल कार्तिक १२ गते शनिवारका दिन सकुशल काठमाडौं फिर्ता हुनुभएको भएको छ । स्मरण रहोस् गत श्रावण ७ गते उहाँको पेटमा ट्यूमरको शल्यक्रिया काठमाडौंस्थित नर्भिक अस्पतालमा सफलतापूर्वक सम्पन्न भएको तथा थप उपचारका स्वरुप केमोथेरापीको पहिलो मात्रा उहाँले सजिलै ग्रहण गर्नुभएकोमा दोस्रो मात्रापछि उहाँमा प्रतिकूल प्रभाव देखिएको हुनाले सोको परिक्षण तथा उपचारका लागि उहाँ गत कार्तिक ३ गते बिहीवार सो अस्पतालका लागि प्रस्थान गर्नुभएको थियो ।

उक्त अस्पतालका वरिष्ठ चिकित्सक डा. रंगारावको नेतृत्वको चिकित्सक टोलीले विभिन्न परिक्षण पश्चात् हाल उहाँ गुरुमांज्यूमा कुनै समस्या नभएको तर निकै कमजोर रहनुभएको हुनाले यथेष्टमात्रामा खाना ग्रहण गर्न र आरामसाथ रहने सल्लाहकासाथ उहाँलाई डिस्चार्ज गरिएको थियो ।

धर्मकीर्ति विहारका गुरुमांहरू सुवण्णवती र रम्मावतीका साथै धर्मकीर्ति विहारका पूर्व सचिव एवं धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका संस्थापक सदस्य वरदेश मानन्धर, धर्मकीर्ति विहार संरक्षण कोषका का.स. मदनरत्न मानन्धर, धर्मकीर्ति स्वास्थ्य कमिटिका सदस्यद्वय रोशनकाजी तुलाधर र उद्योगरत्न तुलाधर तथा धम्मवती गुरुमांका भान्जी सुजाता शाक्य सम्मिलित उक्त स्वास्थ्य उपचारयात्रा टोलीमा ओम अस्पतालका डा. उजीतकुमार कर्माचार्यज्यू पनि दिल्ली जानु भएको थियो ।

धर्मकीर्ति विहार संरक्षण कोषको गत कार्तिक १३ गते बसेको कार्य समितिको बैठकले उहाँ गुरुमांको स्वास्थ्य उपचारमा संलग्न चिकित्सकहरू डा. रंगाराव, डा. रजत शाह एवं स्वास्थ्यकर्मीहरू तथा सहजकर्ता विकास जिन्दाल एवं निरज लगायत सो अस्पतालका सम्पूर्ण कर्मचारीहरूप्रति आभार एवं धन्यवाद ज्ञापन गरिएको छ ।

## गुरुमांया भिं तुना ... ...

**✍ रोशनकाजी तुलाधर**

*मांगलिक व अतुल गुणया*
*महामानव थुगु विश्वया*
*न्यंके दःसा उपाय मुक्तिया*
*भिं तुना थुगु देसया*

*सुगतया सन्देस मुनेत*
*वात्सल्य त्वतल थःछेँया*
*ह्वयावल संस्कार गुण सो*
*'यःम्ह म्याय्' जुल वर्माया*

*हिन्दूराष्ट्रय् बुद्धया जः*
*बुद्धभूमि म्हसिइकेत*
*ब्याक्क जीवन धर्म पुखुलिइ*
*ह्वयेकल सद्धर्म प्यख्यरं*

*थौं थ्व देह क्षीण जूसां*
*सत्य अति निर्मम थजूसां*
*धर्मकीर्तिया केब लुमंके*
*नित्य मखुगु दुःख थुइके ।*

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital